www.souryaonline.com

# सौर्य दैनिक

वर्ष ११ | अंक ३२९ | बुधबार, ११ माघ २०७९ | SOURYA NATIONAL DAILY | Wednesday, 25 January 2023 | पृष्ठ : ८ | मूल्य रु. ५

## संसद भवन अगाडी आत्मदाहको प्रयास



■ सौर्य समाचार

काठमाडौं । नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि इलामका प्रेमप्रसाद आचार्यले आत्मदाहको प्रयास गरेका छन्। मंगलबार उनले आफ्नो शरीरमा पेट्रोल खन्याएर आगो लगाएका थिए। उनको अवस्था गम्भीर छ। उनको कीर्तिपुर अस्पतालमा उपचार भईरहेको छ। उनले व्यापार व्यवसायमा अनेकन् प्रयासपछि पनि असफल भएको र सोही कारण आर्थिक स्थिति जर्जर बन्दा आफू र परिवार तनावपूर्ण स्थितिबाट गुज्रेको कुरा आत्मदाह प्रयासअघि फेसबुकमा उल्लेख गरेका थिए। यस्तै जीवनभरका हरप्रयासमा दुःखमात्रै भोग्नुपरेको तर उपलब्धि केही नभएको भन्दै निराशा व्यक्त गरेका छन् ।

आत्मदाह प्रयासको केही मिनेट अगाडि मात्र आचार्यले फेसबुकमा पोष्ट गरेको लामो स्ट्याटसमा भनिएको छ, 'म एक आम युवा, आम उद्यमी, आम व्यवसायी, प्रेमप्रसाद आचार्य 'सन्तोष' (जन्म २०४३ भाद्र १, वतन सूर्योदय (फिक्कल)-११, केराबारी, इलाम, प्रदेश १) रंगीन सपनाहरू बुनेर, परिवार, समाज र देशप्रतिको जिम्मेवारी वहन गर्दै अगाडि बढिरहेको थिएँ। आज छत्तीसौं वसन्त पार गरिसक्दा पनि गरिएका कर्मबाट केही उपलब्धि हासिल गर्न नसकेको तीतो सत्यलाई ओकल्दै मैले यो देशमा पढ्दा, जागिर खाँदा, व्यापार गर्दा, वैदेशिक रोजगारमा जाँदा एवं उद्योग चलाउँदा भोग्नुपरेका समस्या र ती समस्याहरूबाट पाएको शून्य उपलब्धि आज सरसरती यो सामाजिक सञ्जालमा लेख्ने अनुमति चाहन्छु ।'

उनले आफ्नो फेसबुक स्ट्याटसलाई एक आत्मवृत्तान्त र असफलताको कथा मानेका छ। स्ट्याटसमा उनले आफूले आफूजस्तै केही गर्न चाहनेका लागि क्रान्ति गर्न लागेको उल्लेख गरेका छन्। कसैलाई पनि आफूलाई नबचाउन आग्रह गर्दै आफू हरहालतमा मर्ने उल्लेख गरेका छन् ।

बाँकी पृष्ठ २

### प्रचण्डको एक महिना

# मन्त्रीहरूले नै छुटाए प्रधानमन्त्रीलाई पसिना

■ सौर्य समाचार

पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बनेको एक महिना बितेको छ । तर, एक महिनाको बीचमा मन्त्रीहरूका पहिलाका र अहिलेका गतिविधि र काम गराईमा मेल नखाँदा प्रधानमन्त्रीको पसिना छुटेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् सदस्यले गणतन्त्र र संघीयताविरुद्ध अभिव्यक्ति दिन नपाइने बताएका छन् ।

मंगलबार बसेको राष्ट्रिय सभाको बैठकमा बोल्दै उनले मन्त्रिपरिषद्मा रहेर संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध अभिव्यक्ति दिन नैतिकताको आधारमा पनि नपाइने बताएका हुन् । 'मेरो क्याबिनेटको एक जना मन्त्रीले संघीयता खारेज गर्नुपर्छ भन्नुभयो भनेर यहाँ सुनाउनुभयो माननीय सदस्यले', बैठकमा प्रधानमन्त्रीले भने, 'मेरो ध्यानाकर्षण भएको छ । मन्त्रिमण्डल बाहिर गएर आफ्नो कुरा राख्ने अधिकारण सबै राजनीतिक दललाई हुन्छ । तर, मन्त्रिमण्डलभित्र बसेर संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने वा प्रचार गर्ने अधिकार नैतिक रूपले र कानुनी रूपले पनि हुन सक्दैन ।'

संघीयता खारेजीसम्बन्धी अभिव्यक्ति दिने मन्त्रीलाई स्पष्टीकरण सोधिने प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्रीले यसरी आफ्नो अभिव्यक्ति दिइरहे पनि उनका मन्त्रिमण्डलमा स्पष्ट संघीयता विरोधी घोषणा पत्र देखाएर चुनाव जितेकाहरू छन् र मन्त्री भएपछि पनि उनीहरू सार्वजनिक रूपमा संघीयताको विरोध गरिरहेका छन् ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रदेशसभा चुनावमा भाग लिएको थिएन । अध्यक्ष रवि लामिछानेले आफ्नो पार्टी प्रतिनिधिसभा चुनावमा सहभागी भए पनि प्रदेशसभा चुनावमा भने सहभागी नहुने जानकारी गराएका थिए ।

प्रदेशसभाको चुनावमा सहभागी हुनु भनेको राज्यकोष दोहनमा सहभागी हुनु भएको तर्क लामिछानेको थियो । तर, उनले आफूहरू व्यवस्था विरोधी नभएको जिकिर गरेका थिए । 'यही संरचनामा हामी प्रदेश मातहतको चुनावमा सहभागी हुनु भनेको राज्यकोष दोहानमा सहभागी हुनुबाहेक केही होइन', उनको तर्क थियो, 'हामी व्यवस्थाविरुद्ध छैनौं । मात्र प्रदेशसभाको चुनावमा सहभागी हुन चाहँदैनौं ।'

प्रदेशसभा, प्रदेश प्रमुख र प्रदेश अन्तर्गतका सबै मन्त्रालय खारेजीको माग गरेका लामिछानेको पार्टीले मुख्यमन्त्री भने प्रत्यक्ष निर्वाचित हुनुपर्ने तर्क



"'मेरो क्याबिनेटको एकजना मन्त्रीले संघीयता खारेज गर्नुपर्छ भन्नुभयो भनेर यहाँ सुनाउनुभयो माननीय सदस्यले', बैठकमा प्रधानमन्त्रीले भने, 'मेरो ध्यानाकर्षण भएको छ। मन्त्रिमण्डल बाहिर गएर आफ्नो कुरा राख्ने अधिकार सबै राजनीतिक दललाई हुन्छ। तर, मन्त्रिमण्डलभित्र बसेर संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने वा प्रचार गर्ने अधिकार नैतिक रूपले र कानुनी रूपले पनि हुन सक्दैन'

गरेको छ । प्रदेश मुख्यमन्त्री र फरक लिंगको एक उपमुख्यमन्त्री हुने र प्रत्यक्ष निर्वाचिन मुख्यमन्त्रीहरूले नै जिल्ला प्रमुख नियुक्त गर्नुपर्ने उनको भनाइ थियो ।

मुख्यमन्त्रीले सोझै राष्ट्रपतिसँग सपथ लिने व्यवस्था हुनुपर्नेमा जोड दिएका लामिछानेले पालिका सभाका सदस्यबाट प्रदेश परिषद् गठन गर्ने धारणा राखेका थिए । प्रदेश परिषद्मा पालिका प्रमुख र उपप्रमुख मात्रै रहनेछन् । प्रदेश परिषद्ले नै प्रदेशसभाको काम गर्नेछ । प्रदेश परिषद्को बैठक वर्षमा दुईपटक मात्रै बस्ने उनको प्रस्ताव थियो ।

तर, अहिले उनी देशका उपप्रधानमन्त्री भएका छन् । तिनै प्रदेश सरकार र तिनका संरचनाको सहकार्यमा उनको राजकीय जिन्दगी चल्छ भन्ने धेरैले बुझेका छन् । प्रधानमन्त्री प्रचण्डले संघीयता बिरोधीलाई आफूले स्पष्टीकरण सोध्ने चेतावनी दिए पनि त्यो सुनेर मन्त्रिपरिषद्को बैठकमा मुसुमसु हाँसेर बसेका छन् लामिछाने ।

राप्रपाले घोषणापत्रमा स्थानीय तहलाई बलियो बनाउँदै प्रदेशलाई खारेज गर्ने, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दू राष्ट्र, राजनीतिक दलरहित संवैधानिक परिषद् निर्माणको एजेन्डा सार्वजनिक गरेको छ। राप्रपाले एक व्यक्तिले दुई कार्यकालभन्दा धेरै पार्टी अध्यक्ष, प्रधानमन्त्रीलगायत कार्यकारी पदमा बस्न नपाउने, प्रवासी नेपालीले मताधिकार प्रयोग गर्न पाउने व्यवस्था गर्ने प्रतिबद्धता घोषणापत्रमा राखेको छ। 'एक व्यक्तिले दुई कार्यकालभन्दा धेरै पार्टी अध्यक्ष, प्रधानमन्त्रीजस्तो कार्यकारी पदमा बस्न पाउने छैनन्,' घोषणापत्रमा भनिएको छ।

प्रचण्ड क्याबिनेटको अर्को दल र राप्रपाले भने प्रदेश खारेजीका निरन्तरको मुद्दालाई नै अगाडि सारेका थियो। गणतन्त्र तथा राष्ट्रियताको रक्षा र संघीयताको खारेजीको नारासहित राप्रपा मैदानमा उत्रेको थियो। शासनाधिकार संवैधानिक रूपमै केन्द्र र प्रदेशमा बाँडफाँड हुनुपर्ने जनाएको छ।

राप्रपाले धर्म निरपेक्षताको बिरोध गर्दै हिन्दू राष्ट्रको मुद्दा अगाडि सारेर चुनाव जितेको हो । नेपालको संविधानमा नै नभएको आवाज उठाउने पार्टीसँगको सहकार्यमा छन् प्रधानमन्त्री प्रचण्ड ।

यता ठूलो आशा र भरोसा दिलाएर परिवर्तनको कसम खाँदै चुनाव जितेका गृहमन्त्री रवि लामिछानेको अवस्थासमेत निरीह बन्दै छ। उनीहरूमाथि परम्परागत दलको रेखालाई तोडेर काम गर्न नसकेको आरोप लागेको छ ।

यता उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले काम गर्न नसक्नेगरी राज्य संयन्त्रलाई थिलथिलो बनाएर छाडिएको आरोप लगाएका छन् । प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले पूर्ववर्ती सरकारले काम नै गर्न नसक्नेगरी राज्यसंयन्त्रलाई थिलथिलो बनाएर छाडिएको आरोप लगाएका हुन् । तर त्यो कुन सरकार हो भन्ने चाहिँ उनले प्रष्ट पारेनन् ।

काम गर्नलाई कानुन पालनाभन्दा पनि आदेश पालना गर्ने अवस्था सिर्जना गरिएको भन्दै उनले राज्यको संयन्त्रलाई कमजोर बनाइएको आरोप लगाएका हुन् । यिनै संयन्त्रलाई बलियो र काम गर्न सक्नेगरी बनाउन थालिएको उनले जानकारी दिए । नेपाली जनतालाई निराश नबनाउने गरी आफूले काम गर्न उनको प्रतिबद्धता जनाएका छन् ।

अदालतबाट पक्राउ पुर्जी जारी भएका सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न दिएको

बाँकी पृष्ठ २

### ■ शुक्रराज अस्पतालमा

## दैनिक चार सय कुकुरले टोकेका घाइते



■ सौर्य समाचार

काठमाडौं । स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले कोरोना भाइरसको संक्रमण रोकथाममा शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालले पुऱ्याएको योगदान बिर्सन नसकिने बताएका छन् ।

अस्पतालको ८९औं वार्षिकोत्सवमा मंगलबार उनले कोरोना संक्रमणजस्तो महामारीको रोकथाम र नियन्त्रणमा अस्पतालले महत्वपूर्ण योगदान दिएको बताउँदै त्यस कठिन घडीमा स्वास्थ्यकर्मीले उच्च मनोबलका साथ काम गरेको स्मरण गरे । उनले संक्रमण रोकथाम र नियन्त्रणमा स्वास्थ्यकर्मीले पुऱ्याएको योगदानको प्रशंसा गरे ।

मन्त्री गिरीले कोरोना भाइरस संक्रमण रोक्नका लागि निर्वाह गरिएको भूमिकाका आधारमा जस्तोसुकै महामारीलाई पनि सामाना गर्नसक्ने क्षमता अस्पतालका स्वास्थ्यकर्मीले देखाउने विश्वास व्यक्त गरे । उनले सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा कसरी पुऱ्याउन सकिन्छ भनेर सबैले संकल्प गर्नुपर्ने समय आएको बताए ।

'सबै नागरिकलाई कसरी गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन सकिन्छ भन्नेमा हाम्रो ध्यान जान जरुरी छ', उनले भने, 'सुदृढ स्वास्थ्य प्रणााली बनाउन सबै मिलेर काम गर्नुपर्छ ।' नेपालको स्वास्थ्य क्षेत्र भरपर्दो, अब्बल छ भनेर सावित गर्ने दायित्व हामी सबैको रहेको भन्दै मन्त्री गिरीले सबै रूपले स्वास्थ्य क्षेत्रलाई मर्यादित र जनतामुखी बनाउन आवश्यक रहेको बताए । उनले अस्पताललाई कम्तीमा पाँच सय शय्याको बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा स्वास्थ्य राज्यमन्त्री डा.तोसिमा कार्कीले अस्पतालको सेवालाई विकेन्द्रित गरेर अन्य ठाउँबाट पनि सरुवा रोगका बिरामीको उपचार गर्नुपर्ने बताइन् । उनले कोरोना भाइरसका बेला देशै भयभित रहेको अवस्थामा अस्पतालले पुऱ्याएको सेवा कहिल्यै बिर्सन नहुने बताइन् ।

बाँकी पृष्ठ २

## एकीकृत समाजवादी संसद्मा चौथौ शक्ति बन्ने कसरतमा



■ सौर्य समाचार

काठमाडौं । एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालले वामदेव गौतमलाई आफ्नो पार्टीमा आउन प्रस्ताव गरेका छन् । एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा मंगलबार भएको भेटमा अध्यक्ष नेपालले आफ्नो पार्टीमा आउन गौतमसँग आग्रह गरेका हुन् । अध्यक्ष नेपालको प्रस्तावलाई सकारात्मक रूपमा लिँदै चाँडै निर्णय गर्न गौतमले जवाफ दिएका छन् ।

भेटका क्रममा अध्यक्ष नेपालले गौतमलाई अध्ययनका लागि एकीकृत समाजवादीका दस्तावेज प्रदान गरेका छन् । दस्तावेजको अध्ययनपछि मात्र एकीकृत समाजवादीमा आउने या नआउने विषयमा गौतमले निर्णय लिने भएका छन् । सो भेटमा एकीकृत समाजवादीका उपाध्यक्षद्वय प्रमेश हमाल र केशवलाल श्रेष्ठ, उपमहासचिवद्वय प्रकाश ज्वाला र गंगालाल तुलाधर पनि सहभागी थिए ।

नेकपा (एकीकृत समाजवादी) पार्टीले विचार र नीति मिल्ने अन्य विभिन्न पार्टीसँग एकता र सहकार्यका लागि प्रक्रिया अघि बढाउने जनाएको छ । एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले विचार, नीति र विधि मिल्ने पार्टीसँग एकता गर्दै अघि बढ्ने उल्लेख गरेका छन् । उनले विषय मिल्ने दलसँग मोर्चासमेत बनाएर अघि बढ्ने जानकारी दिएका छन् ।

यसअघि एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादवबीच पार्टी एकीकरणबारे अनौपचारिक छलफल भएपछि यी दुवै वार्ता टोली बनाएका थिए । वार्ता समिति दुवै अध्यक्षको संवादको उपज भएको नेताहरूले बताएका छन् । एकताको खाका लगायतका प्राविधिक विषय टुंग्याउने जिम्मा कार्यदलको हुनेछ ।

मंसिर ४ को निर्वाचनमा यी दुवै दलको जनाधार मधेसमै कमजोर देखिएको छ । एमाले विभाजित भएर बनेको एकीकृत समाजवादीले चुनावमा थ्रेसहोल्डसमेत कटाउन सकेन । जसपा राष्ट्रिय पार्टी बने पनि चौथो पार्टीबाट छैटौं भएको छ । ०७४ सालको चुनावमा उपेन्द्र यादवसँग १६ सांसद थिए । पार्टी टुटफुटबाट गुज्रिँदा अहिले खुम्चिएर १२

बाँकी पृष्ठ २

# स्पट फिक्सिङः नो बल र वाईड बललाई आठलाख

■ सुवास गोतामे

काठमाडौं । नेपाल टी-ट्वान्टी लिगमा स्पट फिक्सिङबारे अनुसन्धान गर्दा नयाँ तथ्य बाहिर आएका छन्। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले सोमबार मात्रै पक्राउ गरेका दुई जना पूर्वराष्ट्रिय क्रिकेटर महबुब आलम र राष्ट्रिय क्रिकेट टोलीका सदस्य आदिल अन्सारीले फिक्सिङका क्रममा देखाएका हर्कतबारे नयाँ तथ्य उजागर भएको हो।

सीआइबीले फिक्सिङका सम्बन्धमा जानकारी दिन मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा एसपी सञ्जय थापाले भने,' आलमलाई एउटा नो बल र बाईड बल फाल्नको लागि एप्रोच आएको र उनले दुई खेलमा सोही प्रकृतिको खेल खेलेको देखिन्छ।' आलमले अन्य खेलाडीलाई स्पट फिक्सिङको अफर गरेको अडियो समेत प्रहरीले बरामद गरेको छ। उक्त अडियोमा स्पट फिक्सिङ गरेबापत ६ देखि ८ लाग रुपैंयाँ पाउने आश्वासन दिएको प्रहरी अनुसन्धानबाट खुलेको छ। आलमले अन्य दुई खेलाडीलाई स्पट फिक्सिङ गर्न अफर गरेको सीआइबीले जनाएको छ।

प्रहरी अनुसन्धानअनुसार प्रतियोगिताको खेल नम्बर ८ र खेल नम्बर १२ मा फ्रेन्चाइज टिम जनकपुर रोयल्सबाट खेलेका आदिलले फिक्सरसँगको सहमति कार्यान्वयन गरेको पाईएको छ । पुस १२ गते काठमाडौं नाइट्सविरुद्धको खेलमा आदिलको एउटा





"आलमलाई एउटा नो बल र बाईड बल फाल्नको लागि एप्रोच आएको र उनले दुई खेलमा सोही प्रकृतिको खेल खेलेको देखिन्छ।' आलमले अन्य खेलाडीलाई स्पट फिक्सिङको अफर गरेको अडियो समेत प्रहरीले बरामद गरेको छ। उक्त अडियोमा स्पट फिक्सिङ गरेबापत ६ देखि ८ लाग रुपैंयाँ पाउने आश्वासन दिएको प्रहरी अनुसन्धानबाट खुलेको छ

नो बल त्रिवि मैदानमा पुगेर प्रत्यक्ष हेर्नेहरुका लागि पनि अस्वभाविक थियो । उनले ११.१ ओभरमा नो बल फालेका थिए । त्यस लगत्तै अर्को बल वाइड फालेका थिए । सो खेलमा आदिलले ४ ओभर बलिङ गरी ३८ रन खर्चेर १ विकेट लिएका थिए । जहाँ दुई वाइड र एक नो बल सामेल थियो । त्यस्तै पुस १४ गते जनकपुरको खेल फारवेष्ट युनाइटेडविरुद्ध थियो । सो खेलमा आदिलले एक ओभरमात्र बलिङ गर्न पाए । पावर प्लेको अन्तिम ओभरको पहिलो बल उनले नो बल फाले । लगत्तै वाइड बल पनि फाले ।

खेल टोलीमध्येको चार टिम क्रमशः काठमाडौं नाइट्स, विराटनगर सुपर किंग्स, जनकपुर रोयल्स र फारवेष्ट युनाइटेडका व्यवस्थापकै संलग्नता रहेको जनाएको हो । बयानमा आदिलले आफूलाई कसले फिक्सिङको प्रस्ताव गरेको र कति रुपैयाँको सहमति भएको भन्नेबारे केही खुलाएका छैनन्। उनलाई प्रहरीले सोमबार गृहनगर सप्तरीको राजविराजबाट पक्राउ गरेको थियो । सिआईबीले नेपाल टि २० लिगमा चार नेपालीसहित कुल १० जना संलग्न रहेको जनाएको छ । लिगमा फिक्सिङ र अनियमितता बारे जानकारी दिईयो। 'अहिले सम्म अनुसन्धान गर्दा नेपाल टि२० लिगमा १० व्यक्ति फिक्सिङ र अनियमिततामा जोडिएका छन् । त्यसमध्य चार जना नेपाली छन् । नेपालबाट एक खेलाडी र तीन बीचका व्यक्ति रहेका छन् । ६ जना विदेशी जोडिएका छन् । ४ जना व्यवस्थापक, एक जना खेलाडी र एक जना विचौलियाको काम गरेका छन', सिआईबीका एसपी सन्जय थापा भने ।

उनका अनुसार अनुसन्धानका क्रममा आलम र अन्सारी पक्राउ परेका हुन्।

पाँच जनालाई खेलाडीलाई फिक्सिङ प्रस्ताव आउँदा तीन जनाले अस्वीकार गरेको सिआईबीले जनाएको छ । उक्त तीन व्यक्तिले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को एन्टि करप्सन युनिट (एसियु) लाई जानकारी दिएका थिए । आइसिसीको नियम अनुसार कुनैपनि खेलाडीलाई फिक्सिङको प्रस्ताव आउँदा एसियुलाई जानकारी दिनुपर्छ । सीआइबीका अनुसार आलमले सिनियर टोलीबाट खेलेका दुई खेलाडीलाई प्रस्ताव गरेका थिए ।

सिआईबीले हरेक खेलको स्कोरकार्ड हेरेर अनुसन्धान गरिरहेको जनाएको छ । मेहबुब आलमले प्रस्ताव गरेका दुई मध्ये एक मात्रै पक्राउ परेका छन् । एक खेलाडीले भने अस्वीकार गर्दै एसियुलाई जानकारी दिएका थिए । सीआइबीका एसएसपी दिनेश कुमार आचार्यका अनुसार विदेशी खेलाडी भने नेपालमा रहँदासम्म कारबाही गर्न सक्ने बताए ।

पुस ९ गतेबाट सुरु भएको प्रतियोगिताको लिग चरणअन्तर्गत काठमाडौं नाइट्स र विराटनगर सुपर किंग्सबीचको खेल दौरान दुवै टोलीका खेलाडीले पारिश्रमिक नपाएको भन्दै मैदान उत्रन अस्वीकार गरेपछि नेपाल टी-२० लिगको विवाद र फिक्सिङ प्रकरण बाहिरिएको थियो। सो खेलपछि काठमाडौंका कप्तान ज्ञानेन्द्र मल्लले आफ्ना एक खेलाडीलाई फिक्सिङको प्रस्ताव आएको र आफूहरूले यसबारे एन्टी करप्सन युनिट (एसीयू)लाई जानकारी गराएको जनाएका थिए ।

# मकवानपुरगढी: जहाँ नेपालीले विदेशी सेनालाई हराए



■ रिपेश दाहाल

बागमती। आज माघ १० गते। आजभन्दा दुईसय ६० वर्षअघि आजकै दिन बङ्गाली नवाव मीर कासिमको फौजलाई पराजित गर्दै नेपालमा एउटा ठूलो उत्सव मनाइएको थियो। त्यसदिनको सम्झनामा केही वर्षदेखि हरेक माघ १० लाई विजयोत्सव मनाउँदै आइएको छ।

गोर्खाका तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोट कब्जा गरेपछि एउटा स्वतन्त्र राज्यको रुपमा मकवानपुर कब्जा गरेका थिए । इतिहासकारका अनुसार नेपाल एकीकरणको सुरुआतको रुपमा मानिने मकवानपुर कब्जाको घटना १८१९ भदौ ९ गतेको हो। बहिनीज्वाइँ पृथ्वीनारायणले आफ्नो राज्य खोसेपछि मकवानपुरका अन्तिम राजा दिग्वन्धन सेनले बङ्गालसँग सैन्य सहयोग मागेका थिए ।

मकवानपुरबाट भागेका राजा दिग्वन्धन सेनले वाग्मती नदीको किनारी भागमा पर्ने खुँडाघाट पुगेर मकवानपुरबाट गोरखाली सैनिकलाई लखेट्ने योजना बनाए । उनले मीर कासिमसँग सहयोग मागी देवान कनकसिंह बानियाँलाई पत्र पठाए । मकवानपुरलाई सहयोग गर्दा आफूलाई प्रसस्त फाइदा हुने देखेका नवावले सहयोग गर्ने बताए ।

मकवानपुरलाई सहयोग गर्दा मकवानपुरमा राजनीतिक प्रभाव पर्ने मात्रै नभई उपत्यका र भोटसम्मै व्यापार बढाउन सकिने र राज्य विस्तार गरी पहाडतिरबाट अङ्गेजसँग धावाबेल्न सहज हुने ठानेका उनलाई लडाइँमा लाग्नेको सम्पूर्ण खर्चसमेत मकवानपुरले ब्यहोर्ने कुराले थप उत्साहित बनाएको इतिहासकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

त्यसपछि १८१९ पुसमा गुरगिन खाँको नेतृत्वमा करिब तीन हजार सैनिक र भरिया मकवानपुर गढीमा गोरखालीसँग लडाइँ गर्नका लागि आएका थिए । इतिहासविद् प्रा दिनेशराज पन्तका अनुसार गुरगिन खाँ बङ्गाली मुस्लिम नभई युरोपेली मुलुक अर्मेनियाँका ग्रे गुरी थिए ।

इतिहासकारका अनुसार अङ्गेजकै बलमा ससुराको राज्य पाएका मीर कासिमलाई अङ्गेजले नै राज्यच्यूत गराउने प्रयास गरेपछि कासिमले युरोपबाटै आधुनिक हतियार र तालिम प्राप्त सैनिक ल्याएर आफ्ना सेनालाई तालिम दिई सशक्त पारिरहेका थिए। खाँ अङ्गेजविरुद्ध तयार पारिएका ती सेनाको परीक्षण गर्न पनि चाहन्थे । त्यसैले खाँले आफ्ना सेना पठाएका थिए भनेर कतिपय इतिहासकारले उल्लेख गरेका छन् । तिनीहरूका बीचमा डढुवागढी भन्ने स्थानमा घमासान लडाइँ भयो । बङ्गाली सेनालाई पराजित गर्दै गोर्खालीले सयौँ हातहतियार र तोप कब्जा गरेको दिन हो माघ १० । त्यस उत्सवमा पृथ्वीनारायण शाह स्वयं उपस्थित भएको इतिहासकारको भनाइ छ । इतिहासकारका अनुसार विदेशी सेनासँग नेपाली सेनाले लडाइँ लडेर सबैभन्दा ठूलो जीत हासिल गरेको पहिलो युद्ध भएको दिन हो माघ १० ।

नेपाललाई जितेर लुटपाट मच्चाउन आएको विदेशी सेनालाई नेपाली सेनाले पराजित गरेको आजको दिन नेपाललाई स्वतन्त्र मुलुकको रुपमा स्थापित गराउन महत्वपूर्ण दिन भएको इतिहासकार बताउँछन् । त्यस लडाइँमा बङ्गाली सेनाबाट जफत गरिएका हातहतियारको कारण नै गोर्खाली सेनाले नेपाल एकीकरण अभियान सफल बनाएका थिए भने नेपाली सेना व्यवस्थित हुने अवसर प्राप्त भएको थियो । माघ १० नेपालको इतिहासमा गर्विलो दिन भएको इतिहासकारको भनाइ छ । नेपाली सेनाले विदेशी सेनासँग लडेर सबैभन्दा धेरैको सङ्ख्यामा हताहती गरेको र ठूलो परिमाणमा हातहतियार कब्जा गरेको दिनको रुपमा हरेक वर्ष माघ १० गते मकवानपुरको मकवानपुर गढीमा विजयोत्सव मनाउने गरिन्छ ।

# आयोगद्वारा जहाजको उपकरण र कागजात संकलन

■ सौर्य समाचार

काठमाडौं । १ माघमा कास्कीको पोखरामा दुर्घटना भएको यती एयरलाइन्सको नाइन एन-एएनसी एटिआर-७२-५०० जहाजबारे जाँचबुझ गर्न गठित दुर्घटना जाँच आयोगले दुर्घटनास्थलबाट आवश्यक पार्टपुर्जा र वायुयानका रेकर्डसहित कागजात संकलन गरेको छ ।



आयोगले विज्ञप्ति जारी गर्दै दुर्घटनास्थलको पुनःविस्तृत निरीक्षण गरी आवश्यक पार्टपुर्जा, वायुयानका रेकर्ड, केही प्रत्यक्षदर्शीसँगको कुराकानी र वायुसेवा सञ्चालकबाट आवश्यक कागजात संकलनको गरिसकेको जनाएको छ । 'नियामक निकायलगायतबाट थप कागजात संकलनको काम भइरहेको छ', विज्ञप्तिमा उल्लेख छ । आयोगका अनुसार दुर्घटना जाँचको सन्दर्भमा महत्वपूर्ण सूचना प्राप्त हुने रेकर्डर नेपालमा परीक्षण गर्न नसकिने भएकाले उच्च गुणस्तरको दक्षजनशक्तिसहितको अन्तर ाष्ट्रिय ल्याबमा परीक्षण एवं विश्लेषण गर्न लैजाने तयारी भइरहेको छ ।

'अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम आयोगद्वारा अनुसन्धान जारी रहेको र सबै प्रक्रिया पूरा गरी उडान सुरक्षामा थप सहयोग पुग्ने सुझावसहितको प्रतिवेदन सरकारलाई पेस गरिनेछ', विज्ञप्तिमा भनिएको छ । उक्त जहाज दुर्घटनामा चालक दलका सदस्यसहित ७१ जनाको निधन भएको थियो भने एक जनाको अवस्था अझै अज्ञात छ । दुर्घटनालगत्तै सरकारले पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा दुर्घटना जाँच आयोग गठन गरेको थियो ।


म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

प्रकाशित मितिः २०७९/१०/११

यस गाउँपालिकाको मिति २०७९/०९/०७ गते सूचना प्रकाशन गरि पुनः आह्वान गरिएको तपसिल वमोजिमको आन्तरिक आयको ठेक्काको लागि पेश हुन आएका वोलपत्रहरुको मूल्याङ्कन गर्दा निम्नानूसारका बोलपत्र अधिकतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएकाले स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रायोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं./घाटको नाम | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अङ्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | १४-२०७९/०८०, झिरलौदी घाट, म्याग्दे-३ | ढोर बाराहि निर्माण सेवा, म्याग्दे-३ | रु. २०,२०,१०० (वीस लाख विस हजार एक सय रुपैया मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत



प्रसौनी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा**

सूचना प्रकाशित मिती : २०७९/१०/११

यस कार्यालयबाट सौर्य दैनिक पत्रिकामा मिती २०७९/०८/१५ गते प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखीत ठेक्का नं. र कार्य विवरण संग सम्वन्धित निर्माण कार्यको लागी रितपुर्वक e-GP system:-bolpatra.gov.np/egp बाट पेश हुन आएका बोलपत्रदाताहरुको ITB 29, ITB30 र ITB32 अनुसार बोलपत्र मूल्यांकन समितीले मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताको प्राविधिक बोलपत्र सारभुतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेकोले IBT25.9 तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक बोलपत्र मिती २०७९/१०/१८ गते दिउँसो २:०० बजे यस गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने भएकोले ITB25.7,ITB 25.8 बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.न. | ठे.न.ठेक्का शिर्षक | ठेक्का शिर्षक | बेलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | PRM/NCB/W/2079/080/01 | Construction of Sewer Line from Ward No. 1 to Singha Khola at Prasauni Rural Municipality, Bara | 1 P.P./Sneha Construction/JV,Bindbasini R.M.-5,parsa.<br>2 Shree Ram Nirman Sewa/Amodh JV, Inaruwa ward n.-9 ,Rautahat.<br>3 Om Sai Nirman Sewa Bahuri Pidari,Parsa |

प्रमुख प्रशासकीय अधिकृत


## दैनिक...

मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले अस्पताललाई चाहिने जनशक्ति उपलब्ध गराउन मन्त्रालय लागिपरेको बताइन्। उनले तीन सय शय्याका लागि मन्त्रालयले दरबन्दीको व्यवस्थापन गर्न थालेको समेत जानकारी दिइन् ।

मन्त्रालयका अतिरिक्त सचिव डा.संगिता कौशल मिश्राले अस्पतालले कोरोना भाइरसको बेला मात्र नभएर हैजा, डेंगुजस्ता महामारी रोकथाममा राम्रो भूमिका निर्वाह गरेको बताए । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले अस्पतालले प्रदान गर्ने सेवा उदाहरणीय रहेको भन्दै सरुवा रोगलाई निमिट्यान्न पार्नुपर्ने बताए ।

अस्पतालका कार्यकारी निर्देशक डा.मनिषा रावलले अस्ताललाई तीन सय शय्या विस्तार गर्न थालिएको जानकारी दिए ।

१९९० सालमा कलेरा अस्पतालको रूपमा रहेको अस्पताललाई ०५३ सालमा सरुवा रोग अस्पतालको रूपमा विकास गरिएको थियो । उनका अनुसार अस्पतालले विगत डेढ वर्षदेखि अस्पतालले निःशुल्क कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ । अहिलेसम्म १ लाख १२ हजारलाई कोरोना भाइरसविरुद्धको खोप उपलब्ध गराइएको छ ।

उनले अस्पतालमा सबैभन्दा बढी कुकुरले टोकेका बिरामी आउने गरेको बताए । उनका अनुसार दैनिक तीन सयदेखि चार सय कुकुरले टोकेका बिरामी आउने गर्दछन् ।

## एकीकृत...

सिटमा सीमित हुनुपरेको छ । मधेस प्रदेशमा अविच्छिन्न सरकार हाँकेको जसपा यसपटक प्रदेशमा पनि कमजोर भएको छ ।

यी दुवै दल एकीकरण गरेमा संघ र प्रदेशमा पनि सरकारमा वर्चस्व बढ्ने आँकलन गरेर एकताको पहलमा लागेका छन् । प्रतिनिधिसभामा जसपाको १२ र एकीकृत समाजवादीको १० सिट छ । एकीकरण भएमा २२ सिटको दल बन्नेछ । मधेस प्रदेशसभामा जसपाका १६ र एकीकृत समाजवादीको सात सांसद छन् । जसपा र एकीकृत समाजवादीबीच एकता भएमा मधेस प्रदेशमा कांग्रेससँग बराबरी, अर्थात् २३ सांसद भएको पार्टी बन्नेछ ।

## संसद...

लेखेका छन्,'मलाइ बचाउने प्रयास कसैले नगर्नु होला। बाँचिगए भने फेरि मर्ने नै छु। प्रहरीले पक्राउ गर्यो भने जेलमा नै आत्महत्या गर्नेछु। म क्रान्ति गर्दैछु । मजस्तै केही गर्छु भन्नेलाइ यो देशको सरकारले सहयोग गरोस्। वातावरण बनाओस् ।

## मन्त्रीहरुले...

आदेशलाई प्रहरीले बेवास्ता गरेको भन्दै गृह मन्त्रालयले विज्ञप्ति जारी गरेर कोइरीलाई पक्राउ गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको थियो ।

उक्त विज्ञप्तिले गृहमन्त्रीको आदेश प्रहरीले नमान्ने स्पष्ट भएको र सुरक्षा संवेदनशीलतालाई ध्यान नदिई गृहमन्त्री लामिछानेको आलोचना भएको थियो । उनको यो बिज्ञप्ति पछि लामिछानेको काम गर्ने शैलीप्रति पनि धेरै प्रश्न उठेको छ । अहिले एमाले पंक्ति कोइरीको बचाउ र लामिछानेको विरोधमा रहेको बताइएको छ । यसमा एमाले अध्यक्ष केपी शर्मा ओलीले समेत कार्यकर्तालाई धाप मारिरहेको बताइएको छ ।

तर, एमालेका नेताहरूले भने लक्ष्मी कोइरीलाई पक्रेर देखाउन घुमाउरो तरिकाले चेतावनी दिएका छन् । नेकपा एमालेका सचिव तथा सांसद रघुवीर महासेठले सांसद लक्ष्मी महतोलाई निवर्तमान शेरबहादुर देउवा सरकारले सम्मान गरेको दाबी गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै उनले महतो अपराधी भए समाजसेवी पदक किन दिनुभयो भन्दै प्रश्न गरे । उनले भने, 'उहाँलाई पदक सिफारिस गर्ने निवर्तमान सरकारले अपराधी देखेन । उहाँविरुद्धको मुद्दा अहिलेको होइन, सात वर्षभन्दा बढी भइसक्यो सशस्त्र प्रहरीका असईको हत्या भएको । पहिलेको सरकारले उहाँलाई समात्ने काम किन गरेन ? समात्ने त परै जाओस् उहाँलाई सम्मान गर्ने काम भएको थियो । मन्त्रिमण्डलबाट सिफारिस भएर राष्ट्रपतिबाट घोषणा भएको लिस्टमा उहाँको नाम थियो ।'

लक्ष्मी महतो अहिले आफ्नो पार्टीको सम्पर्कमा नभएको महासेठले बताए । प्रहरी प्रशासनले हिरासतमा लिएको भए सार्वजनिक गर्न माग गरे । उनले भने, 'अहिले प्रहरी प्रशासनले जुन कारबाही गरिरहेको छ । एमाले र एमाले नेताहरूमाथि आरोप लगाइरहेको छ । त्यसमा कुनै सत्यता छैन । सरकार र गृहमन्त्रीलाई भन्न चाहन्छु, तपाईंहरू कानुनअनुसार काम गर्नुस् । उहाँलाई समाउनै पर्नेछ भने समाउनुस् । एमाले र एमाले नेताहरूबाट बाधा अवरोध आउनेछैन ।' उनले लक्ष्मी महतोलाई अपराधी भनेकोप्रति आपत्ति जनाए ।

सरकारमा रहेका मन्त्रीहरू कोही संविधानले नदिएको काम गर्छु भन्ने र कोही नसक्ने कामसमेत गर्छु भन्दै हिँडेपछि प्रचण्डलाई मन्त्रीहरूका कारण नै पसिना छुटेको छ । प्रधानमन्त्रीका निकट सहयोगी मानिएका उपप्रधान तथा भौतिक योजनामन्त्री एकपटक यातायात कार्यालय पुगेर अनुगमन गरेपछि अहिले ठण्डा भएर बसेका छन् ।


Malaysia मा रोजगार Rubber Leisure Products Sdn. Bhd.

पुनः विज्ञापन । पूर्व स्वीकृती मिति : २०७९/०६/३० LT No. : 273786

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 45 | 04 | साधारण | 1500 | ४४,४२९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

PGF Insulation Sdn.Bhd.

पुनः विज्ञापन । पूर्व स्वीकृती मिति : २०७९/०६/२४ LT No. 272962

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 33 | 0 | साधारण | 1500 | ४४,४२९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ माघ १८ गते (1Feb. 2023) यस प्रा.लि.को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

NAAZ OVERSEAS PVT. LTD. (SANAZ OVERSEAS PVT. LTD.)
Gov. Lic. No. 1148/073/74
Basundhara, Bikash Nagar Margh, Kathmandu, Tel.: 01-5917495, 5917496
HOTLINE NO : 9801575557 Whatsapp No : 9801077799



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ सहर आयोजना कार्यालय
बैरेनी, गल्छी, धादिङ

**आर्थिक प्रस्ताव खोलिने बारेको सुचना**

*प्रकाशित मिति : २०७९/१०/११*

यस कार्यालयबाट मिति २०७९।०८।१४ मा सौर्य दैनिकमा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मुल्याङ्कन गर्दा देहायका बोलपत्रहरु स्विकृत भएको र सो सम्बन्धि आर्थिक प्रस्ताव मिति २०७९/१०/१८ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपशिल

| क.सं. | आयोजनाको विवरण | बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|---|
| 1 | MASTER-ADUWABARI-ALIKASTHAN-CHIRAUDI BHANJYANGKARKIDANDA -KULBHANJYANG-TAMSALING GAJURI WARD NO.-4 SADAK (Contract ID : NTPO/BAIRENI GALCHHI/NCB WORKS/E-BID/02-079-080) | Sundaradevi Nirman Sewa, Gerkhu-4 (Bidur-10), Nuwakot |
| | | Pindeshwori Construction Company Pvt.Ltd, Lalitpur |
| | | Bachhaladevi-G.K JV, Bidur, Nuwakot |

नि. आयोजना प्रमुख

# आगोको भरमा सुत्केरी गराउँदै स्यालाखदी स्वास्थ्यचौकी



■ अर्जुन बिष्ट

रुकुम पश्चिम । जिल्लाको आठविसकोट नगरपालिकाको स्यालाखदी स्वास्थ्यचौकीमा बिजुलीको अभावले आगोको उज्यालोमा सुत्केरी गराउने गरिएको छ । गत सोमबार सुत्केरी व्यथाले च्यापेर उक्त स्वास्थ्यचौकी पुगेकी आठविसकोट-२ पहाडाकी २५ वर्षीया पूजा बुढाले आगोकै उज्यालोमै छोरा जन्माइन् । सोमबार राती १२ बजे अस्पताल पुगेकी बुढाले साढे २ बजेतिर छोरालाई जन्म दिएकी थिइन् । पहाडाबाट एक घण्टाको पैदल दुरीमा रहेको उक्त स्वास्थ्यचौकीमा आगोकै उज्यालोमै स्वास्थ्यकर्मीले सेवा दिने गरेका छन् । प्रसूति गृहमा बिजुलीको व्यवस्थापन नहुँदा गर्भवती महिला टर्च, लाइट, आगो र क्यान्डिलको उज्यालोमा बच्चा जन्माउने गरेका हुन् । सदुरमकाम खलंगाबाहेक अन्य दुर्गम भेगका गर्भवती महिलाले लामो समयदेखि यसरी नै बच्चा जन्माउने गरेको स्थानीय महिला स्वयंसेविकाले बताउने गरेका छन् । आठबिसकोट-२ स्यालामा रहेको स्वास्थ्यचौकी तथा प्रसूति गृहमा बिजुली छैन । इन्टरनेट चल्दैन । जसका कारण यहाँ स्वास्थ्य सेवादिन निकै गाह्रो छ । 'एउटा स्वास्थ्यचौकीमा हुनुपर्ने कुनै पनि पुर्वाधार छैन', स्वास्थ्यचौकी इन्चार्ज चेतना यरीले भनिन्, 'दुर्गमका स्वास्थ्यचौकीमा पूर्वाधार अभावले आफैं बिरामी परिन्छ । उपचारको लागि आउने बिरामीको कसरी उपचार गर्ने ? भौतिक पूर्वाधार र जनशक्ती नहुँदा स्वास्थ्य सेवा दिन कठिनाइ हुने गरेको छ । स्यालाखदीको स्वास्थ्यचौकीले ओपिडी सेवा, गर्भजाँच र बर्थिङ सेन्टरको सेवा दिइरहेको छ । सिस्ने हिमालको फेदैमा रहेकोले जाडोयाममा अत्यधिक चिसो हुन्छ । चिसोमा सुत्केरी र बच्चालाई न्यायो चाहिन्छ तर यहाँ स्वास्थ्यचौकीमा रहेको बर्थिङ सेन्टरमा आगोको भरमा सञ्चालन भइरहेको छ । स्वास्थ्य चौकीमा सुत्केरी हुन आउनेहरूलाई आगो बालेर उज्यालो र न्यानोपना गराइँदै आइएको छ ।

स्वास्थ्यचौकीमा उपचारका लागि आउने बिरामीलाई आगोकै भरमा उपचार गर्नुपर्ने बाध्यता रहेको छ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा बिजुलीको व्यवस्था नभएपछि सेवाग्राही र कर्मचारीले सास्ती खेप्नुपरेको छ । रातीको समयमा आउने सुत्केरी तथा अन्य आकस्मिक उपचारका लागि आउने बिरामीलाई टुकी बालेर उपचार गर्नुपर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीले गुनासो गर्दै आएका छन् । उक्त स्वास्थ्यचौकीमा पाँच जनाको दरबन्दी रहेकोमा चार वर्षदेखि दुई जना अनमीले मात्रै सेवा दिँदै आएका छन् । लामो समयदेखि समस्या राख्दासमेत स्यालाखदी स्वास्थ्यचौकीमा कर्मचारी नै नपठाउने गरेको इन्चार्ज यरीले बताइन् । उनी भन्छिन्, 'स्वास्थ्यचौकीले दिनुपर्ने सेवा सबै दिन्छौं', तर 'पूर्वाधार अभावले प्रभावकारी स्वास्थ्य सेवा दिन सकेका छैनौँ ।

'मुख्य समस्या बिजुलीको हो', बिजुली भएको भए सुत्केरीलाई हिटरबाट ताप दिन सकिन्थ्यो उनले भनिन्, 'हालसम्म यस वडामा विद्युत् आपूर्ति हुन सकेको छैन ।' उज्यालोका लागि स्वास्थ्यचौकीमा जडान गरिएको सोलारबाट प्रसूति गृहमा दुई/तीन घण्टा मात्र काम गर्ने उनको भनाइ छ । ब्याट्री ब्याकअप पनि नभएकाले समस्या भइरहेको छ । बत्ती नहुँदा सुत्केरी गराउने बेला कहिले मोबाइलको टर्च र कहिले आगो, टुकी बालेर सेवा दिनुपर्ने सिनियर अनमी चेतना यरीले बताइन् । उनले भनिन्, 'अहिलेसम्म स्वास्थ्य संस्थाबाट २ सय ३९ जना आमाले सुत्केरी सेवा लिएका छन् । प्रसूति गृहमा बिजुली नहुँदा समस्या भएको छ ।' रातीको समयमा सुत्केरी हुनका लागि आएपछि अँध्यारोमा सुत्केरी गराउन कठिन हुने गरेको अनमि चेनता यरीले बताइन् ।

सुत्केरी मात्र होइन अन्य रोगका कारण राती आउने बिरामीको उपचार मोबाइल र दाउराको उज्यालोमा हुने गरेको छ । ०७५ सालमा उद्घाटन भएको प्रसूति गृहमा २ सय ३९ जनाले सुत्केरी सेवा लिएका छन् । अँध्यारोमा आमा र बच्चाको ज्यान जोखिममा राखेर डर लाग्ने गरी सुत्केरी गराउने गरेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । स्वास्थ्यचौकीमा दुई जना मात्रै कर्मचारी हुँदा आफूहरू बिरामी पर्दा र बिदा लिँदासमेत कठिनाइ हुने गरेको स्वास्थ्यचौकी इञ्चार्ज चेतना यरीले बताइन् । रुकुम पश्चिममा २४ वटा स्वास्थ्यचौकी र एउटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । सामान्य बिरामी पर्दा पनि डोको र स्टेचरको सहारामा बिरामी बोकेर स्वास्थ्यचौकी र सदरमुकाम मुसिकोटसम्म ल्याउने बाध्यता छ ।

स्वास्थ्यचौकीमा २४ घण्टा विद्युत्को सेवा हुनुपर्नेमा विद्युत् नहुँदा स्वास्थ्य उपचारमा समस्या भइरहेको छ । रातीको समयमा आगोको प्रयोग गरी प्रसूति गराइन्छ भने सुत्केरी आमा एवं अन्य बिरामीलाई तातोको लागि आगो बालेर सेवा दिइराख्नु परेको स्वास्थ्य चौकीले जनाएको छ । स्वास्थ्यकर्मीलाई रातीको समयमा विशेष गरी सुत्केरी र अन्य इमरजेन्सी बिरामीको उपचारमा समस्या हुने गरेको छ ।

# प्रशासन कार्यालयबाट टाइमकार्ड सेवा सुरू



■ हृदय भुसाल

अर्घाखाँची । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीद्वारा जनसेवालाई छिटो छरितो चुस्तदुरुस्त बनाउन विद्युतीय माध्यमबाट टोकन सेवा प्रणालीको प्रमुख जिल्ला अधिकारी शशिधर धिमिरेले पहिलो टाइम कार्ड सेवाग्राहीलाई वितरण गरी मंगलबारबाट सो सेवाको थालनी गरिएको छ । सेवाप्रवाहलाई व्यवस्थित गरेको, टोकन प्रणाली तथा समयसँग आवद्ध गर्ने गरी यो सेवा १० माघबाट नै शुभारम्भ गरिएको हो । सेवालाई थप प्रभावकारी, नतिजामुलक, अनुसाशनयोग्य बनाई, आमनागरिकसमक्ष पुऱ्याउनका लागि सेवाले महत्वपूर्ण भूमिका खेल्ने जिल्ला प्रशासनका प्रशासकीय अधिकृत नुमलाल पन्थीले बताए ।

सेवाप्रवाहलाई सहज, सरल, अझ शीघ्र, भरपर्दो र विश्वासिलो नागरिक मैत्री बनाउनका लागि सन्धिखर्क नगरपालिका र भूमिकास्थान नगरपालिकाको आर्थिक सहयोमा सो सेवा सुरुआत गरेको प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले बताए । प्रजिअ घिमिरेले भने, 'यसअघि पनि समयमै राम्रो सेवा दिएका थियौं, अब एक घण्टाभित्र नागरिकता दिन्छौं, नागरिकताको प्रतिलिपी अभिलेख हेर्नुपर्ने र संशोधन गर्नुपर्ने भएकोले दुई घण्टा, विद्युतीय राहदानी पनि समयमै दिन्छौं, संघ संस्था दर्ता नवीकरण पूरा गरेको अवस्थामा एक घण्टामै सेवा दिन्छौं, नाबालक परिचय पत्र, राष्ट्रिय परिचय पत्र पनि एक घण्टामै दिन्छौं, अशक्त अपांग, ज्येष्ठ नागरिकहरूलाई, प्राथमिकताका साथ विशेष सेवा दिनेछौं ।

सेवाग्राही कक्षलाई व्यवस्थित गरी समय कार्ड वितरण गरी सेवा प्रारम्भ गर्दाकै दिनदेखि सेवाग्राहीले सो कार्य प्रभावकारी भएको र नागरिक मैत्री भएको प्रतिक्रिया आएको सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले बताए ।

जिल्ला प्रशासनले टोकन कार्डबाट प्रदान गरेको सेवा निकै छिटो भएको सेवाग्राही सन्धिखर्क-१ बस्ने सुमित्रा केसीले बताइन् । उनले भनिन्, 'तोकिएको समय एक घण्टामै नागरिता बनायौँ । समयको पनि बचत काम पनि छिटो छरितो, यो सेवा राम्रो लाग्यो, अब सेवा लिन धेरै झन्झट हुँदैन, आजबाट सुरु भयो यो सेवा भन्ने थाहा पाएँ । सधैँ यो सेवा हुनुपर्छ ।'

जिल्ला प्रशासनले टाइमकार्ड सेवा सुरु गरेपछि गाउँगाउँबाट समेत आउने नागरिकलाई छिटो छरितो सेवा हुने हुँदा सबै आमनागरिकहरूमा खुसी व्यक्त गरेको प्रतिक्रिया आएको छ ।

# सिरक र ज्याकेट बोकेर ज्येष्ठ नागरिकको घरघरमा जनप्रतिनिधि

■ राम योङहाङ

इलाम । निर्वाचनको बेला अधिकांश नेताहरू विभिन्न आश्वासन बाँड्दै जनताको घरघरमा पुग्ने गर्छन् । ज्येष्ठ नागरिक, महिला, बालबालिका एवं विपन्न जनतालाई विभिन्न आश्वासन दिँदै मत माग्छन् । निर्वाचनपश्चात जितेका होस् वा हारेका, प्रायः नेताहरू फर्केर जनताका घरमा कहिल्यै पुग्दैनन् ।

तर, जिल्लाको फाकफोकथुम गाउँपालिकाका जनप्रतिनिधिहरू भने यतिबेला जनताको घरघरमा पुगेका छन् । उनीहरू जनतामाझ कुनै आश्वासन बाँड्न एवं मत माग्न भने पुगेका होइनन् । उनीहरू त, गाउँपालिकाका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गर्दै गाउँघर पुगेका हुन् ।

जाडो मौसम सुरु भएसँगै फाकफोकथुम गाउँपालिका भित्रका ८५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई सिरक र ज्याकेट वितरण गर्दै हिँडेका हुन् । फाकफोकथुम गाउँपालिकाका सात वटै वडाका वडाध्यक्ष र सदस्यहरू गाउँपालिकाको तर्फबाट आआफ्नो वडाको टोलटोलमा पुगेर ज्येष्ठ नागरिकलाई जाडोबाट बाँच्नका लागि फाइबर सिरक र ज्याकेट वितरण गरेका हुन् । गाउँपालिकाले जाडोको समयमा ज्येष्ठ नागरिकलाई सहज होस् भनेर सात वटै वडाका टोलटोलमा पुगेर सिरक र ज्याकेट वितरण गरेको हो ।

माघ पहिलो सातादेखि वडा-३ को आमचोकबाट ज्येष्ठ नागरिकहरूलाई सिरक र ज्याकेट वितरण सुरु गरेको गाउँपालिकाले ७ वटै वडाका ८५ वर्ष भन्दा माथिका १ सय ४३ ज्येष्ठ नागरिकलाई सिरक र ज्याकेट वितरण गरेको छ ।

गाउँपालिकाले सबै वडामा वडा कार्यालयमार्फत सम्बन्धित वडाका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरिएको महिला तथा बालबालिका शाखाकी प्रमुख विमला येक्तेनले जानकारी दिइन् । येक्तेनको अनुसार वडा-१ का २०, वडा-२ का २०, वडा-३ का १४, वडा-४ का २५, वडा-५ का १६, वडा-६ का २२ र वडा-७ का २६ जना ज्येष्ठ नागरिकलाई एक/एक वटा सिरक र ज्याकेट वितरण गरिएको छ ।



ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरणका लागि फाकफोकथुम गाउँपालिकाले चालु आर्थिक वर्ष ०७९/८० का लागि पाँच लाख रुपैयाँ विनियोजन गरेको थियो ।

गाउँपालिकाभरीका सबै वडाका ८५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई वडावडामा नै न्यानो कपडा वितरण गर्ने गरी पालिकाबाट एकमुष्ठ रकम विनियोजन गरिएको वडा-३ का वडाध्यक्ष दीपेन्द्र लिम्बूले बताए । 'हामीले सबै वडाका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरणका लागि पालिकाको सभाबाट नै एकमुष्ठ बजेट विनियोजन गरेका थियौँ' वडाअध्यक्ष लिम्बूले भने, 'ज्येष्ठ नागरिक हाम्रा अभिभावक हुन् । उहाँहरूलाई सम्मानस्वरूप यस्तो कार्यक्रम पालिकाबाट ल्याएका हौँ ।' लिम्बूले ज्येष्ठ नागरिकको सम्मानका लागि यस्तो कार्यक्रम सञ्चालन गरिएको बताए ।

जाडोमा न्यानो कपडा पाएपछि ज्येष्ठ नागरिकहरूले खुसी व्यक्त गरेका छन् । गाउँपालिकाले जाडोका बेला दिएको सिरक र ज्याकेटले आफूहरूलाई थोरैभए पनि मुक्ति मिलेको ज्येष्ठ नागरिकहरूले बताएका छन् । गाउँपालिकाले यसअघि ज्येष्ठ नागरिकलाई छाता र बर्की वितरण गरेको थियो । राष्ट्रिय जनगणना ०७८ को प्रारम्भिक नतिजाअनुसार फाकफोकथुम गाउँपालिकाको परिवार संख्या ४ हजार ९ सय २३ र जनसंख्या २० हजार ४ रहेको छ ।


लुम्बिनी प्रदेश सरकार
पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन कार्यालय
नेपालगंज, बांके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सुचना न. १३/०७९-०८०
प्रकाशित मिति : २०७९/१०/११

यस कार्यालयबाट मिति २०७९/०९/०३ गते सौर्य राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सुचना तथा www.Bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुनआएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-2063 को दफा-27 को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल:-

| सि.न. | ठेक्का न. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| १. | UDBO/BANKE/NCB/WORK/BOX. CULVERT.UPGRADATION/079-080/41 | Construction of Box Culvert and Upgradation of Road at Tank Prasad Bhattrai home to Nandaram Tharu home road, Badhaaiyatal-9 Bardiya | श्री जगन्नाथ निर्माण सेवा, लम्कीचुहा-०३ कैलाली | ५२,२७,९२१.९ |

कार्यालय प्रमुख



**Invitation for Bids**

Sisne Rural Municipality
Office Of The Rural Municipal Executive
Rukumkot, Rukum (East)
Lumbini Province, Nepal

Invitation for Sealed Quotation for the Procurement and Transportation of different types of Medicines

First Date of Publication: 2079/10/11 B.S. (2023/01/25 A.D.)

1. Sisne Rural Municipality (SRM) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under Sealed Quotation procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office Sisne Rural Municipality Rukumkot, Rukum (East) on or before 12:00 Noon on 2079/10/26 B.S. (2023/02/09 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2079/10/26 B.S. (2023/02/09 A.D.) at the office of Sisne Rural Municipality Rukumkot, Rukum (East). Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for **30 days** beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing **Public Procurement Act, 2063** and **Regulations, 2064** including all amendments.
6. ***Sisne Rural Municipality Office Rukumkot, Rukum (East)*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: *Nepal Bank Ltd., Rukumkot Branch*
   Name of Office: *Sisne Rural Municipality, Rukumkot, Rukum (East)*

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c Name | Sisne Ga.Pa. Aantarik Rajaswa Khata | Sisne Ga.pa. Dharauti Khata |
| A/c No. | 18903000001001000001 | 18903000003000000001 |

7. The Name and identification no. of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and Transportation of different types of Medicines | EGP/SQ/SRM/ Goods-01/079/80 | 37,05,355.00/- ( Thirty Seven Lakhs Five Thousands Three Hundred Fifty Five only) | 1,000.00/- (One thousand only) | 95,000.00/- (Ninety Five Thousands only) |

**Chief Administrative Officer**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# राष्ट्रिय सहमति केका लागि ?

प्रमुख प्रतिपक्षी पार्टी नेपाली कांग्रेसका हरेक नेताहरूको मुखमा 'राष्ट्रिय सहमति' भन्ने नारा थेगोजस्तै झुण्डिएको छ । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्ने क्रममा वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रिय सहमतिको आवश्यकताबारे लामो चर्चा गरे । मुलुक चौतर्फी रूपमा अधोगतिमा गएको चर्चा गर्दै यो गतिलाई रोक्ने एक मात्रै उपाय राष्ट्रिय सहमति भएको बताए । बर्तमान शासन व्यवस्था स्थापनाका लागि लडेका कांग्रेस र कम्युनिस्ट एक ठाउँमा उभिनुपर्ने पनि पौडेलले बताए । मुलुकको परिस्थितिबारे पौडेलले दिएको अभिव्यक्ति गलत होइन । मुलुक गलत दिशा तर्फ अघि बढेको सत्य हो । कांग्रेस र कम्युनिष्टप्रति जनतामा निराशा छाएको कुरा भरखरै सम्पन्न आमनिर्वाचनको मत परिणामले प्रष्ट पारेको छ । कांग्रेस, एमाले र माओवादीको भोट अघिल्लो निर्वाचनको तुलनमा २२ प्रतिशत घट्नु, वर्तमान शासन व्यवस्थाको विरोधी राप्रपाको भोट करिब १ सय ५ प्रतिशत बढ्नु, संघीयता विरोधी अर्को शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापना भएको चार महिना बित्दानबित्दै करिब १२ प्रतिशत मत हासिल गर्नु लगायतका सूचकांकहरू विश्लेषण गर्ने हो भने वर्तमान शासन व्यवस्था धरापमा परेको छ । यही हालतमा संविधान अघि बढ्न सक्दैन भन्ने संकेत देखिएको छ । राष्ट्रिय सहमतिको आवश्यकता छ । तर, के का लागि राष्ट्रिय सहमति ? भन्ने प्रश्न निकै महत्वपूर्ण छ । किनकी यसअघि पनि कतिपय मामिलामा घोषित तथा अघोषित राष्ट्रिय सहमति नभएको होइन ।

पद बाँडफाँडका लागि भएको राष्ट्रिय सहमतिले जनतामा आशा जगाउँदैन भन्ने कुरा प्रमाणित भएकै छ । यदि नेपाली कांग्रेसले राष्ट्रपति पद आफ्नो हातमा पार्नका लागि नभएर त्याग गर्नका लागि अथवा साना दल तथा सर्वस्वीकार्य समाजसेवीलाई त्यो पदमा पुऱ्याउनका लागि राष्ट्रिय सहमतिको प्रस्ताव अघि सारेको हो भने अन्य दलले पनि गम्भीरतापूर्वक लिनै पर्छ । अन्य देशसँग बराबरीका आधारमा सन्धी संझौताको सुनिश्चितताका लागि नेपाली कांग्रेसद्वारा राष्ट्रिय सहमतिको प्रस्ताव अघि सारिएको हो भने स्वागतयोग्य कुरा हो, लिम्पियाधुरा क्षेत्रलाई नेपालको नक्साभित्र समेट्ने गरी संविधान संशोधन गर्न राष्ट्रिय सहमति भएको पनि हो, तर अमेरिकासँग गरिएको एमसिसी, भारतसँग गरिएको महाकाली संझौताजस्तै मोडेलमा अरू संझौता गर्न राष्ट्रिय सहमतिको नारा अघि सारियो भने त्यो अत्यन्त घातक हुन्छ । हुन पनि नेपाली कांग्रेसले महाकाली सन्धीमा भएको गल्ती अझै स्वीकारेको छैन । उल्टै महाकाली सन्धीलाई आफ्नो सरकारका पालामा भएको मुख्य उपलब्धी भनेर कांग्रेसले आफ्नो दस्तावेजमा राखेको छ ।

यदि साँच्चिकै राष्ट्रिय सहमति चाहेको हो भने त्यागको सुरुआत सबैभन्दा ठूलो पार्टीको हैसियतले नेपाली कांग्रेसले नै आरम्भ गर्नुपर्छ । संसद्मा कुनै पनि दलको बहुमत नरहेको अवस्थामा नेपाली कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री दुवै पद आफूले पाउनुपर्ने अडान नछाडेकै कारण राप्रपा र रास्वपाजस्ता संविधान विरोधी शक्तिको टेकोमा वर्तमान सत्ता गठबन्धन निर्माण भएको यथार्थता मध्यान्हको घामजस्तै छर्लंग छ । त्यसो त राष्ट्रिय सहमतिको एजेन्डा अघि सार्ने पार्टीले सर्वप्रथम आफ्नै दलभित्र सहमति कायम गराउन सक्नुपर्छ । निर्वाचित महामन्त्रीहरूलाई बाहिर राखेर पार्टी विधानले नै नचिनेको झुण्डद्वारा नेपाली कांग्रेसका कतिपय महत्वपूर्ण निर्णय हुँदै आएका छन् । यही झुण्डमा सामेल हुने गरेका रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलामध्ये एक जनालाई राष्ट्रपतिको उम्मेद्वार बनाउने उद्घोष कांग्रेस सभापति शेरबहादुर देउवाले गरेका छन् । लोकप्रिय मतका साथ महामन्त्री निर्वाचित भएका गगन थापा र विश्वप्रकाश शर्मालाई निर्णय गर्ने ठाउँमा प्रवेश दिइएको छैन । पदाधिकारीमा कहिल्यै चुनाव नजितेका पौडेल र सिटौला निर्णायक बैठकमा सहभागी छन् । यस्तो ढंगबाट चलेको पार्टीले राष्ट्रिय सहमतिको नारा जप्दा जनताले के ठानेका होलान् ? यस्तो कुरा बोल्न पनि लाज लाग्नुपर्ने हो । कांग्रेसका नेताहरूले अहिले राष्ट्रिय सहमतिको नारा जप्दै गर्दा परिस्थिति कहाँबाट बिथोलिन सुरु गरेको हो ? भन्ने हेक्का सबैले राख्नुपर्छ । ०४८ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले स्पष्ट बहुमत ल्यायो । आन्दोलनको अर्को सहयात्री शक्ति नेकपा एमाले बलियो प्रतिपक्षी बन्यो । त्यतिबेला मदन भण्डारीले राष्ट्रिय सहमतिको प्रस्ताव अघि सार्दै उपसभामुख पद प्रमुख प्रतिपक्षीलाई दिन आग्रह गरे । बहुदलीय संसदीय व्यवस्था भएका अन्य मुलुकमा पनि उपसभामुख पद प्रमुख प्रतिपक्षलाई दिने गरिएको उदाहरण पेस गरे । तर मदन भण्डारीको त्यो प्रस्तावको उग्र विरोध गर्नेमा अहिलेका वरिष्ठ नेता पौडेल नै सबैभन्दा अघि थिए ।

# अनुसन्धानको तरिकामा परिवर्तन खोज्ने कि कोइरीको पछि दगुर्ने ?



ईश्वरी काफ्ले

अहिले सांसद लक्ष्मी महतो कोइरीको बारेमा यस्तो श्याल हुइयाँ चलाइएको छ कि सबै त्यसकै पछि कुदेका छन् । 'सुझो न बुझ्यो ....पुज्यो' भने झैं कोइरीको कुप्रसस्तीमा अक्षरका कुन्यु ठड्याएर अखबार र अनलाइनका पाना भराएका छन् । मानौं सांसद कोइरी दन्त्य कथामा वर्णित गरिएजस्ता यस्ता राक्षस हुन् जसमा मानवीयताको लेश छैन । हाम्रो फौजदारी न्यायिक प्रक्रिया, प्रणाली, ढंगका बारेमा कसैले लेखेका छैनन् । बोलेको पनि सुनिएको छैन ।

हो ! थमन विकको हत्या अत्यन्त क्रूर र अमानवीय हो । तर, के कोइरीलगायत यस घटनामा जसजसलाई प्रतिवादी बनाइएको छ, तिनलाई जेल हाल्दा न्याय हुन्छ त ? हो ! जसलाई प्रतिवादी बनाइएको छ ती सबै तत्कालीन अवस्थामा भएको मधेस आन्दोलनका नेता हुन् । उनीहरूले आदेश दिएकै भए पनि राज्यले अख्तियार दिएको अनुसन्धान अधिकारीले पुख्ता प्रमाण संकलन गरेको भए उनीहरू मतियार वा सहायक हुन सक्लान् तर, मुख्य दोषी त जो प्रतक्ष्य संलग्न थियो उही हुने हो । हाम्रो फौजदारी न्यायले पनि त्यही भन्छ होइन र ? अनि मुख्य दोषी खुल्ला आकासमा उन्मुक्त, सहायकहरू जेलमा थुनेर न्यायिक कर्मकाण्ड त पूरा होला, समाजले शान्ति सुरक्षाको अनुभूति गर्छ त ? यतापट्टी चासो किन राख्नु ? चासो राख्ने चेत त स्वार्थी मिसनले पुरिएको छ ।

के घटना हिजोआज भर्खर भएको हो ? होइन भने यसअघि त अहिले संसद्मा चर्को स्वर गर्ने कुनै बेला 'घडी चोर' को आरोप लागेका सांसद सम्वद्ध दलकै नेतृत्वको सरकार थियो त ? रविलाई मात्र किन ? यसअघिका गृहमन्त्रीलाई पनि यसको बाछिटाले छुँदैन ? के कोइरी विदेशमा बसेर नेपालमा चुनाव लडेर जितेका हुन् ? १०/१५ दिन लगाएर धन्यवाद ऱ्याली नै गरेका थिए त । मलाई जहाँसम्म सम्झना छ यसै घटनाका एउटा पात्र अभिराम शर्मा मधेस प्रदेशको राज्यमन्त्री हुन लाग्दा यस्तै श्याल हुइयाँ चलाइएको थियो । तर, समयसँगै सेलायो । मुद्दा विचराधीन नै छ शर्माले दोस्रोपटक पनि प्रदेश सांसद जितेका छन् । यो घटना संविधान जारी भएपछि चर्केको मधेस आन्दोलनको समयको हो अर्थात ०७२ साल असोजको ।

थमन विक नाम गरेका सशस्त्र प्रहरीका जवान साइकलमा सवार भई महोत्तरी जिल्लाको सदमुकाम जलेश्वर आउँदै थिए । उनी सदरमुकाम बाहिर खटिएकाले काम विशेषले जिल्लास्थित कार्यालयमा आउँदै गर्दा जलेश्वरको महादेव मन्दिर अघिल्तिरको पोखरीको किनारमा आन्दोलनकारीले उनलाई प्रहरी हो भनेर चिने । यसअघि यहाँ प्रहरीको गोली लागेर चार आन्दोलनकारीको मृत्यु भएको थियो सदरमुकाममा कर्फ्यु लागेको थियो । कर्फ्युको अवज्ञा गर्दै आन्दोलनकारी सडकमा थिए, आक्रोशित थिए । एक्लै सादा पोसाकका प्रहरीलाई देखेर आन्दोलनकारी जाइलागे विकमाथि । त्यत्रा हुलको कुटाइले उनी अधमरो भइसकेका थिए । अनि मात्र प्रहरीले उनको उद्धार गऱ्यो र उपचारका लागि जनकपुर पठाउने भयो । जलेश्वरबाट जनकपुरको दुरी १५ किलोमिटरको छ । मुख्य सडकमा जनकपुरसम्मै टायर बालेर आन्दोलनकारीले प्रदर्शन गरेकाले प्रहरीले उनलाई भित्रीबाटोबाट जनकपुर लगेको थियो । त्यही भित्री बाटोको पनि सनुखडा भन्ने गाउँमा पुगेपछि आन्दोलनकारीले विकलाई लगेको प्रहरीको गाडी घेराहाले तोडफोड गरे, अन्य प्रहरी ज्यान बचाएर भागे । हिँडडुल गर्न नसक्ने पहिल्यै अधमरो भइसकेका विकलाई उनीहरूले गाडीबाट झारेर कुटपिट गर्न थाले र विकको त्यही मृत्यु भयो ।

प्रहरीले सो हत्या अभियोगमा २८ जनामाथि मुद्दा चलायो । तत्कालीन समयमा अहिले एमालेका सांसद लक्ष्मी महतो कोइरी उपेन्द्र यादव नेतृत्वको पार्टीका नेता थिए । उनीलगायत लोसपाका सबैजसो जिल्लास्तरीय अगुवा नेतामाथि मुद्दा चलाइएको थियो । सो मुद्दाको थुनछेक बहस हुँदा जिल्ला अदालत महोत्तरीले कोइरीलाई एक लाख धरौटीमा रिहा गर्ने निर्णय सुनाउँदै बाहिरै बसेर मुद्दा लडने छुट दिएको थियो । जिल्लाको यो निर्णयविरुद्ध सरकारी वकिलको कार्यालय महोत्तरीले पुनरावेदन अदालत जनकपुरमा निवेदन दियो । ०७७ सालमा सो निवेदनमा निर्णय सुनाउँदा पुनरावेदन अदालतले लक्ष्मी महतो कोइरीलाई थुनामा राखेर पुपर्क्ष गर्नु भन्ने आदेश दियो । तर, उनलाई प्रहरीले पक्राउ गरेन ।

तत्कालीन अवस्थामा केपी ओली प्रधानमन्त्री र रामबहादुर थापा गृहमन्त्री थिए । त्यसपछि बन्यो शेरबहादुर देउवा नेतृत्वको सरकार गृहमन्त्री थिए बालकृष्ण खाँण । अहिले यसबारे चर्को कुरा गर्ने ओखलढुंगे सांसद उनै देउवा सभापति भएको र खाँण नेता भएको पार्टीका कार्यकर्ता होइनन् ? गत स्थानीय निर्वाचनमा कोइरी जसपामै थिए । उनले आफ्ना छोरालाई गौशाला नगरपालिकाको मेयरमा बहुमतसहित जिताएका छन् । यसबीच उनी काठमाडौं आउजाउ पनि गरिरहन्थे । सांसदको निर्वाचनमा पनि प्रचारप्रसारमा उनी प्रायः एक्लै हिँड्न

> के घटना हिजोआज भर्खर भएको हो ? होइन भने यसअघि त अहिले संसद्मा चर्को स्वर गर्ने कुनै बेला 'घडी चोर' को आरोप लागेका सांसद सम्वद्ध दलकै नेतृत्वको सरकार थियो त ? रविलाई मात्र किन ? यसअघिका गृहमन्त्रीलाई पनि यसको बाछिटाले छुँदैन ? के कोइरी विदेशमा बसेर नेपालमा चुनाव लडेर जितेका हुन् ? १०/१५ दिन लगाएर धन्यवाद ऱ्याली नै गरेका थिए त । मलाई जहाँसम्म सम्झना छ यसै घटनाका एउटा पात्र अभिराम शर्मा मधेस प्रदेशको राज्यमन्त्री हुन लाग्दा यस्तै श्याल हुइयाँ चलाइएको थियो । तर, समयसँगै सेलायो । मुद्दा विचाराधीन नै छ । शर्माले दोश्रोपटक पनि प्रदेश सांसद जितेका छन् । यो घटना संविधान जारी भएपछि चर्केको मधेस आन्दोलनको समयको हो अर्थात ०७२ साल असोजको

रुचाउँथे । गृहमन्त्री खाँण थिए, प्रधानमन्त्री देउवा अनि किन पक्राउ नगरेको ?

अहिले जति हल्ला चलाइएको छ ती सबै राजनीतिक मिसन प्रेरित छन् । यस्ता जघन्य विषयलाई राजनीतिक भद्दा मजाकको विषय बनाइनु दुर्भाग्य हो । विषय सु-शासन, न्यायिक सम्वद्धभन्दा राजनीति हो भन्ने त मिसनले पुष्टि नै गऱ्यो होइन र ? राजनीतिक विषयको राजनीतिक ढंगले नै निरुपण हुन्छ, राजनीतिक विषयमा न्यायिक निरुपण गर्दा विभेद र तानाशाहीको गन्ध आउँछ ।

चिन्ताको विषय के हो भने राजनीतिलाई अपराधमा मुछिदिने र अपराधलाई राजनीतिकरण गरिदिने हाम्रो पुरानै चलन हो । राजनीतिलाई अपराधीकरण गरिदिने र अपराधलाई राजनीतिकरण गर्ने हाम्रो फौजदारी अनुसन्धानको तरिकामा रूपान्तरण नभएसम्म यस्ता घटना दोहोरिरहन्छन् । सजाय पाइहाले पनि निर्दोषले सजाय पाउने र दोषी मुक्त आकासमा उन्मुक्त भएर हिँडिरहेको हुनेछ र निमुखा जनता उनीहरूका डरले थरथरी भइरहनुपर्नेछ । लामो समय जिल्लामा रहेर मानवअधिकारको क्षेत्रमा काम गर्दा फौजदारी मुद्दाको अनुसन्धान गर्ने तरिका मैले राम्रोसँग देखेको बुझेको छु ।

हाम्रो न्याय प्रणलीमा फौजदारी अपराधको उजुरी लिने, दर्ता गर्ने र अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीले पाएको छ । यस्ता घटनामा प्रारम्भिकरूपमा अभियोग लगाउने र मुद्दा दर्ता गर्ने काम प्रहरीले गर्छ । आन्दोलनका क्रममा आन्दोलनकारीबाट कुनै मानवीय क्षति भएमा दोषी पत्ता लगाउनेतिर भन्दा प्रहरीले आन्दोलनको नेतृत्व गर्नेहरूलाई मुछेर मुद्दा चलाउँछ । आफैं अनुसन्धान गर्छ र फाइल जिल्ला न्यायाधिवक्तामार्फत अदालत पुऱ्याइन्छ । जुन दिन फाइल अदालत जाने पुग्ने हो त्यो दिन कुरेर बसेका हुन्छन् अभियुक्तहरू । थुनछेक बहस चल्छ, अदालतले कसैलाई साधारण तारेख त कसैलाई धरौटीमा राखेर पुर्पक्ष गर्ने आदेश सुनाउँछ । थुनामा राखेर पुर्पक्ष गर्ने आदेशको सुइको पाउनासाथ अदालतबाटै अभियुक्त फरार हुन्छन् । यो हो हामी कहाँ चलेको तरिका ।

यहींनेरी आएर अपराध राजनीतिकरण हुन्छ । फौजदारी न्यायमा प्रत्यक्ष संलग्न अर्थात ज्यानमुद्दा हो भने मृत्यु हुनुमा अभियुक्तकै मुख्य हात हुनुपर्छ अनि मात्र ऊ मुख्य दोषी ठहर्छ । आदेश मात्र दिएको हो भने मतियार हुन्छ । दोषी र मतियारको सजायमा आकासजमिनको फरक छ कानुनमा । हामी कहाँ अनुसन्धानमा धैरे दुःख गर्ने चलन नै छैन । को जाओस् घटनास्थल दोषी पत्ता लगाउन कार्यालयमा बसेर को-को नेता हुन् उनलाई मुछेर फाइल खडा हुन्छ ।

फौजदारी कानुनले चेन अफ कमान्ड चिन्दैन । कानुनले त जसको गोलीले मारेको हो उसैलाई मुख्य दोषी मान्छ । 'माथिको हाकिमले आदेश दिएकाले मैले गोली चलाउँदा उसको ज्यान गयो' भनेर बयान दिएका भरमा गोली चलाउने जवान दोष मुक्त हुँदैन । फौजदारी न्यायको सर्वमान्य सिद्धान्त भनेको 'गैरकानुनी आदेश मान्न वाध्यकारी हुँदैनन्' नै हो । सैन्य प्रकृतिका संगठनलाई पनि यो फौजदारी सिद्धान्तले चिन्दैन । राज्यबाट अपराध अनुसन्धानको जिम्मेवारी पाएको प्रहरीले कार्यालयमै बसेर छानीछानी नेतालाई मुद्दामा मुछ्ने परिपाटी रहुन्जेल अपराधहरू राजनीतिकरण भइरहन्छन् । अनि अपराधिक मानसिकता भएकाहरू समाज छाती फुकाएर हिँडिरहन्छन् । यस्तो भएपछि कसरी हुन्छ सु-शासन, कसरी हुन्छ शान्ति सुरक्षा ? नवनियुक्त गृहमन्त्री रवि लामिछानेबाट यसमा सुधारको अपेक्षा गरौं, न कि सांसद कोइरीलाई पक्राउ गर्न सक्छन् कि सक्दैनन् भनेर ।

# पिसाबको रंगले नै बताउँछ कतिपय रोग



डा. अनिल शाह

मानिसको पिसाब पानी, इलेक्ट्रोलाइट्स र फोहोरको मिश्रण हो जुन मिर्गौलाले रगतबाट फिल्टर गर्दछ । जब मानिस स्वस्थ र हाइड्रेटेड हुन्छ, पिसाब रंगहीन र हल्का पराल र महको रङको बीचमा खस्नुपर्छ । जब मानिसले पर्याप्त तरल पदार्थ उपभोग गर्दैन तब पिसाब अधिक केन्द्रित हुन्छ र गाढा पहेँलो वा एम्बर रंग बदलिन्छ । पिसाबको रङ दिनहुँ अलिअलि फरक हुनु सामान्य कुरा हो तर यो पहेँलो रंगको एक निश्चित दायराभित्र रहनुपर्छ ।

चिकित्सा शिक्षाको प्रारम्भिक दिनदेखि नै रोग निदानमा पिसाब एक उपयोगी माध्यम भएको छ । यसले मानिसको शरीरमा के भइरहेको छ ? भन्ने बारे धेरै कुरा बताउन सक्छ । मानिस कत्तिको हाइड्रेटेड छ भन्नेदेखि पिसाब नलीको संक्रमण भएको वा कुनै किसिमको क्यान्सर भएको, मिर्गौलाको पत्थरी आदि इत्यादि अवस्थाको बारे बताउन सक्छ ।

जब पिसाबको रङ परिवर्तन हुनासाथ आत्तिइहाल्नु पर्दैन, बरु आराम गर्नुपर्छ । केही खानेकुरा, एन्टिबायोटिकले अस्थायी रूपमा पिसाबलाई फरक रङ बनाउन सक्छ । निःसन्देह, पटकपटक लगातार फरक रङ आइराखे कहिलेकाहीँ ठूलो समस्याको संकेत पनि हुन सक्छ । यदि तपाईंले वास्तवमै यस्तो केही असामान्य कुरा देख्नुभयो भने, यसलाई बेवास्ता नगर्नुहोस् र नजिकैको युरोलोजिस्ट चिकित्सकलाई देखाउनुहोस् ।

त्यसो भए कुन रङ सामान्य हो र कुन असामान्य रङ हो केही छलफल गरौं ।

**पारदर्शी**

सफा पिसाबले स्पष्ट सन्देश दिन्छ कि तपाईंले धेरै पानी पिउनुभएको छ । अब यो सत्य हो कि तपाईंको शरीरलाई हाइड्रेटेड रहन र राम्रोसँग काम गर्न पानी चाहिन्छ । आधारभूत नियम भनेको मूत्र प्रणालीलाई सामान्य सञ्चालन गर्न दिनको लागि २ दशमलव ५ देखि तीन लिटरसम्म तरल पदार्थ पिउने लक्ष्य राख्नुपर्छ । तर, यो कुरा व्यक्तिको दिनचर्या, कामकाज, वातावरणको तापक्रम आदि इत्यादीले फरक पर्न सक्छ । तसर्थ तरल पदार्थ अथवा पानीको मात्रा भन्दा पनि २४ घण्टामा फेरिने जम्मा पिसाबको मात्रा बढी महत्वपूर्ण हुन्छ । एउटा बयस्क ब्यक्तिले सामान्यतया २४ घण्टामा कम्तिमा २ देखि २ दशमलव ५ लिटर जति पिसाब फेर्नुपर्छ । यसले पिसाबको रङलाई लगभग पारदर्शी राख्न मदत गर्छ ।

पिउने पानीको मात्रा बढ्दै जाँदा पिसाब पानीजस्तो देखिन थाल्छ । साथै, पटकपटक शौचालय जानुपर्ने हुन्छ । किनकि शरीरले ती सबै अतिरिक्त तरल पदार्थलाई बाहिर निकाल्न काम गर्दछ । कहिलेकाहीँ पारदर्शी पिसाब ठूलो कुरा होइन तर यदि यो लामो समयसम्म चलिरहेको समस्या हो भने तपाईंले नुन र इलेक्ट्रोलाइटको स्तर आफ्नो शरीरलाई चाहिने भन्दा कम गर्दै हुनुहुन्छ भन्ने बुझ्नुपर्छ । यस्तो अवस्थामा विशेषज्ञ युरोलोजिस्ट चिकित्सकसँग सल्लाह गर्नु उचित हुन्छ ।

**गाढा पहेँलो रङ वा फिक्का परालको जस्तो पिसाब**

फिक्का पहेँलो रंगको पिसाबले तपाईं स्वस्थ र हाइड्रेटेड भएको संकेत गर्छ । त्यो पहेँलो रंग, शरीरद्वारा उत्पादित युरोक्रोम नामक पिग्मेन्टको कारणले हुन्छ ।

> पिउने पानीको मात्रा बढ्दै जाँदा पिसाब पानीजस्तो देखिन थाल्छ । साथै, पटकपटक शौचालय जानुपर्ने हुन्छ । किनकि शरीरले ती सबै अतिरिक्त तरल पदार्थलाई बाहिर निकाल्न काम गर्दछ । कहिलेकाहीँ पारदर्शी पिसाब ठूलो कुरा होइन तर यदि यो लामो समयसम्म चलिरहेको समस्या हो भने तपाईंले नुन र इलेक्ट्रोलाइटको स्तर आफ्नो शरीरलाई चाहिने भन्दा कम गर्दै हुनुहुन्छ भन्ने बुझ्नुपर्छ । यस्तो अवस्थामा विशेषज्ञ युरोलोजिस्ट चिकित्सकसँग सल्लाह गर्नु उचित हुन्छ

**एम्बर वा मह रङको पिसाब**

गाढा पिसाब भनेको शरीरले तपाईंलाई संदेश दिन खोज्छ कि तपाई अलिकति बढी पानी पिउनुहोस् । गाढा रङ हल्का निर्जलीकरणको संकेत हो । यदि तपाईंले गर्मी दिनमा बाहिर पसिना बगाउनुभएको छ वा भर्खर कुनै किसिमको कसरत गरेर आउनुभएको छ भने यस्तो हुन सक्छ । पानीको मात्रा अलिक बढाउनुहोस्, रङ सामान्य बन्छ ।

**सिरप वा खैरो रङको पिसाब**

यस्तो रंगले निर्जलीकरण स्तर अझ चिन्ताजनक स्थितिमा पुगेको भन्ने संकेत गर्दछ । तुरुन्त तरल पदार्थको सेवन बढाउनु होस् । गहिरो खैरो रंगको पिसाब रगतमा पित्तको मात्रा सामान्यभन्दा बढ्नाले पनि हुनसक्छ, जुन कलेजो रोगको संकेत हो । खिया लागेको वा खैरो रङको पिसाब पोर्फेरिया रोग (छाला र स्नायु प्रणालीलाई असर गर्ने दुर्लभ अवस्था) को लक्षण पनि हो । यदि थप पानी खानाले पिसाबको रंग हल्का गर्दैन भने नजिकैको युरोलोजिस्ट डाक्टरलाई देखाउनुहोस् ।

**गुलाबी तथा रातो रङको पिसाब**

यस्तो अवस्थामा सर्वप्रथम तपाईंले अन्तिम केही दिनभित्र सेवन गरेका खाने-कुराहरूलाई ध्यान दिएर सम्झिनुहोस् । बिट, ब्लुबेरी वा रूबार्ब चुकन्दरजस्ता खाने कुराहरूले यस्तो किसिमको पिसाब निकाल्न सक्छन् । यदि तपाईंले त्यस्ता केही खानुभएको छैन भने, यद्यपि, यस्तो रङको पिसाब छ भने यो चिन्ताको विषय हुन सक्छ । गुलाबी वा रातो पिसाब निम्न अवस्थामा पनि हुन सक्छ -'मूत्रमा रगत, मिर्गौला रोग, मिर्गौला वा मूत्राशयको क्यान्सर, मिर्गौलाको पत्थरी, मूत्र प्रणालीको संक्रमण, प्रोस्टेटको समस्याहरू ।' यदि रङ पहेँलोमा फर्किएन भने सकेसम्म चाँडो आफ्नो युरोलोजिस्ट डाक्टरलाई सम्पर्क गर्नुहोस् ।

**सुन्तला रङको पिसाब**

यदि तपाईंको पिसाब सुन्तला रंगको जस्तो देखिने हो भने तपाई पर्याप्त पानी पिउनुहुन्न भन्ने सन्देश आउछ, वा तपाईंलाई कलेजो वा पित्त नलीको समस्या हुन सक्छ । वा यो कुनै किसिमको खाना, डाई वा औषधि सेवनले गर्दा हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम पानी सेवनको मात्रा बढाउनुहोस् र यदि सुन्तला रंग हराउँदैन भने आफ्नो युरोलोजिस्ट डाक्टरलाई सम्पर्क गर्नुहोस् ।

**नीलो वा हरियो रङको पिसाब**

यो अवस्थाचाहीँ पक्कै एक फरक किसिमको अवस्था छ । सायद, यो तपाईंले खानुभएको कुराको परिणाम हो (अन्तिम केही दिनभित्र आफूले सेवन गरेका धेरै रंगीन खानेकुराहरू वा केही विशेष किसिमको औषधि बारे सोच्नुहोस्) यद्यपि, हाइपरक्याल्सेमिया गराउन सक्ने केही दुर्लभ आनुवंशिक रोगहरूले पनि तपाईंको पिसाब नीलो वा हरियो बनाउन सक्छ । मूत्र प्रणालीमा संक्रमण गर्नसक्ने केही निश्चित प्रकारको ब्याक्टेरियाको कारण पनि यस्तो समस्या आउन सक्छ । यस्तो अवस्थामा तपाईंले आफ्नो युरोलोजिस्ट डाक्टरसँग सल्लाह गरेमा उचित हुन्छ ।

**धमिलो रङको (क्लाउडी) पिसाब**

पिसाब नलीको संक्रमण र मिर्गौलाको पत्थरीले पिसाब धमिलो हुन सक्छ । फेरि पनि निर्जलीकरण नै कारण हुन सक्छ । प्रशस्त पानी पिउनुहोस् र लक्षणहरू जारी रह्यो भने आफ्नो युरोलोजिस्ट डाक्टरलाई देखाउनुहोस् ।

**पिसाबमा फोम आउनु वा फिँज हुनु**

सामान्यभन्दा बढी मात्रामा पिसाब हुनु अथवा पटकपटक उच्च प्रेसरमा पिसाब गर्न खोज्नुले पनि पिसाबमा फोम या फिँज देखिन सक्छ । यद्यपि, अत्यधिक फोम अथवा फिँजले तपाईंको आहारमा अतिरिक्त प्रोटिनको मात्रा वा मिर्गौला समस्यालाई संकेत गर्न सक्छ । यदि यो लगातार हुन्छ भने तपाईं युरोलोजिस्ट डाक्टरसँग कन्सल्ट गर्नुहोस् ।

तसर्थ, तपाईंले आफ्नो पिसाबको रङ हेरेर धेरै कुरा बुझ्न सक्नुहुन्छ । आफूलाई समस्या छ जस्तो अनुभव भएको अवस्थामा नजिकैको युरोलोजिस्ट चिकित्सकसँग सल्लाह गर्नु उपयोगी हुन्छ । डाक्टरले पिसाबको केही जाँच गरेर अवस्थाबारे थप सुझाव दिन सक्छन्, जरुरी परेको अवस्थामा थप रगत अथवा मिर्गौलासम्बन्धी केही जाँच गर्न सक्छन् । ***(लेखक नेपाल मेडिसिटी अस्पतालमा कार्यरत छन्)***

# तरकारी खेतीले फेरियो महिलाको दैनिकी



■ सुशीला रेग्मी

पाल्पा । घरायसी कामकाजमा सीमित रहने महिलाहरू आयआर्जनका लागि तरकारी खेतीमा आकर्षित हुँदै गएका छन् । बिहान-साँझ घरको कामधन्दा सकाएर दिउँसो फुर्सदको समय घरका करेसाबारी, आँगनका डिल, छेउछाउ र खेतबारीमा तरकारी लगाएर आयस्रोत जुटाउन थालेका छन् ।

तरकारी खेतीमा संलग्न हुन थालेपछि जिल्लाका महिलाहरूको दैनिकी नै बदलिएको छ । तरकारीका बिरुवा उमार्ने, बिरुवा रोप्ने, गोडमेल गर्ने, बजारमा बिक्री गर्ने कार्यमा महिलाको दिनचर्या बित्ने गरेको छ । पाल्पा रामपुरकी सीता देवकोटाको घर वरिपरिका जग्गा तरकारीले भरिएका छन् । कोही उत्पादन दिँदैछन् त कुनै उत्पादन दिने क्रममा छन् । उनी काउली, बन्दा उत्पादन गरेर बजारमा दिनहुँ बेच्छिन् । बन्दा एक किलाको ३०, काउली ६० रुपैयाँमा बिक्री भइरहेको उनले बताइन् । 'घरवरपरका जग्गामा लगाइएको तरकारी खेती परिवारको दरिलो आम्दानीको स्रोत बनेको छ, दैनिकजसो बिक्री हुँदा हातमा पैसा परिरहन्छ,' उनले भनिन्, 'घरको काम गर्दै हेरचाह गरे भयो, धेरै समय दिएर दुःख झन्झट गर्नु परेन ।' घरायसी प्रयोगका लागि मात्रै तरकारी लगाउने देवकोटाले एक दशकयता भने व्यावसायिक तवरबाट खेती गरिरहेकी छन् । घरमा आफैँले उत्पादन गरेको तरकारी टिपेर बेच्न पाउँदा धेरै आनन्दको अनुभूति हुने गरेको उनले अनुभव सुनाइन् ।

उनले भनिन्, 'महिलालाई आफूले कमाउने कुनै उपाय नभएको अवस्थामा अरुको भरमा बाँच्नुपर्दा जीवन अन्धकारजस्तो हुँदोरहेछ, श्रीमानसँग हुँदा त पैसा पाइन्थ्यो नहुँदा यत्तिकै मन बुझाउनुपर्थ्यो, अहिले तरकारी फलेपछि पैसा परिहाल्यो, आफ्नो खर्चलाई अरुको निर्भर रहनु परेन।' आफ्नो मेहेनत र परिश्रमले उत्पादन गरेको वस्तु उपभोक्तामाझ पुऱ्याउँदा व्यवसायमा उत्साह थपिँदै गएको उनले बताइन् । तरकारी बिक्रीवापत वार्षिकरूपमा खर्च कटाएर करिब दुई लाख रुपैयाँ आम्दानी गर्छिन् उनी ।कुन्तादेवी गैरेले आफैँले घरवरपरका खाली जग्गामा हरियाली तरकारी लगाएपछि किनेर खानु नपरेको बताइन् । उनले बर्सेनि चार रोपनी जति जग्गामा समयानुसार विभिन्न जातका तरकारी लगाउछिन् । घरमा खानका लागि मात्र नभई बजारमा बिक्री गर्ने गरेको गैरेले बताइन् । 'पहिला किनेर बिहान-साँझ तरकारीको जोहो हुन्थ्यो, अहिले आफैँले उत्पादन गरेको ताजा तरकारी खान पाइएको छ, धेरै उत्पादन हुँदा बजारमा बेच्यो कि हातमा पैसा परिहाल्ने, तरकारी लगाएर सामान्य खर्च गुज्रेकै छ,' उनले भनिन् । यहाँका महिलालाई स्थानीय नदी किनार आयआर्जन महिला कृषि समूहमा आबद्ध भएपछि तरकारी खेतीमा प्रेरणा मिलेको छ । समूहले महिलालाई आयमूलक क्षेत्रमा उत्प्रेरित गराउन तरकारी खेतीमा हौसला दिन थालेपछि व्यावसायिक तवरमा तरकारी लगाउन थालेका हुन् । घरमा थोरै खानका लागि तरकारी लगाउने राधा खनालले समूहमा आबद्ध हुन थालेपछि उत्पादन बढाउन थालेको बताइन् । उनलाई दुई वर्षयता तरकारी खेती सुरु गरेपछि किनेर खानुपर्ने बाध्यता टरेको छ । करिब तीन रोपनी जग्गामा मौसमअनुसारका विभिन्न तरकारी लगाउँदै आएको खनालले बताइन् । खेतबारीमा लगाएको काउली, बन्दा र आलुखेतीको स्याहारसुसारमा यतिबेला गोमा पोखरेलको पनि समय बित्ने गरेको छ । सात वर्षदेखि तरकारी खेतीमा तल्लिन रहेकी पोखरेलले कृषि समूहमा आबद्ध भएपछि तरकारी लगाउने प्रेरणा मिलेको बताइन् । सिँचाइ सुविधा, नयाँ प्रविधिको प्रयोग, उन्नत जातका बीउबिजनको सुविधाले तरकारी खेती गर्न किसानलाई सजिलो छ । आफैँले घरका खेतबारीमा तरकारी लगाउन थालेपछि बाहिर तरकारी किन्ने पैसा बचतमात्रै नभई स्वस्थ ताजा तरकारी सेवनले स्वास्थ्यलाई धेरै फाइदा गरेको सावित्रा गैरेको अनुभव छ ।

'साढे दुई रोपनी जग्गामा लगाएको तरकारीले मेहेनतका साथ खेती गरियो भने राम्रै फल्छ, बजारबाट किनेर खाएका तरकारीमा स्वाद नहुने, बासी तरकारी, विषादीको अधिक मात्रा प्रयोगले स्वास्थ्यलाई हानी पुऱ्याउने भएकाले घरमै तरकारी फलाएर खादा स्वास्थ्यलाई हित गरेको छ,' उनले भनिन् । रामपुर नगरपालिकाले तरकारी खेतीलाई प्रवर्द्धन गर्दै समूह, सहकारीमार्फत बीउबिजन, स्थलगत प्राविधिक सेवा, अभिमुखीकरण कार्यक्रम, तरकारी बाली पकेट विकास कार्यक्रम, कृषि प्रविधिमा ५० प्रतिशत अनुदानजस्ता विभिन्न कार्यक्रममा जोड दिएकाले आयआर्जन गर्ने गरी कृषकले तरकारी खेतीलाई विस्तार गरिरहेको कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए । पुरुषको तुलनामा महिलाको तरकारी खेतीमा उत्साह राम्रो देखिएको छ । घरव्यवहार चलाउने कार्यमा महिला नै प्रमुख भूमिकामा रहने हाम्रो समाजमा आयआर्जन बढाउने कार्यमा उनीहरू पुरुषसरह नै व्यवसायमा मेहेनत र परिश्रम गर्न पछाडि हट्दैनन् । घरधन्दा, छोराछोरीको स्याहारसुसारसँगै यहाँका महिलाले तरकारी व्यवसायलाई साथमै अगाडि बढाएर आत्मनिर्भर बनेका छन् ।

# मूल्य घटेपछि मारमा अलैँची कृषक

■ सौर्य समाचार

भोजपुर । अलैँचीको मूल्य घटेपछि भोजपुरका किसान चिन्तित बनेका छन् । गत वर्ष प्रतिमन ४० हजार रुपैयाँमा बिक्री गरेको अलैँची यस वर्ष प्रतिमन २४ हजारमा मात्र बिक्री गर्न बाध्य भएपछि किसान मारमा परेका हुन् ।धान, तथा मकै बाली हटाएर व्यावसायिक रुपमा अलैँची खेती गरिरहेका किसानले मूल्यमा भारी गिरावट आएपछि समस्यामा परेका हुन् । गत वर्षको तुलनामा यस वर्ष ४० प्रतिशतको हारहारीमा मूल्य गिरावट आएको भोजपुरको टेम्केमैयुङ गाउँपालिका-५ चोलन्तीका अलैँची कृषक चक्रबहादुर विष्टले जानकारी दिए । यस वर्ष चोलन्ती गाउँमा रहेको करिब छ सय मन अलैँची प्रतिमन २४ हजारका दरले मात्र बिक्री भएको उनले बताए । 'यस वर्षमा अलैँचीले सोचे जस्तो मूल्य पाएन,' विष्टले भने । अलैँचीको मूल्य घटेपछि अन्य बाली हटाएर व्यावसायिक रुपमा अलैँचीको खेतीमा लागेका किसानहरू मारमा परेको उनले सुनाए । विगतमा राम्रो मूल्य पाएपछि किसानहरूले हौसिएर अलैँची खेती गरेको भए पनि अहिले निराशा छाएको विष्टले बताए ।'अहिले अलैँचीको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्था छैन,' उनले भने, 'मैले यस वर्ष १० मन अलैँची उत्पादन गरे । त्यसको गोडमेल तथा टिप्नका लागि १ सय ५० जना बढी खेताला लगाएको छु । अहिलेको मूल्य हेर्दा उनीहरूलाई दिने पैसा नै नपुग्ने अवस्था छ ।'

मूल्यमा गिरावट आउन थालेपछि कतिपय कृषकले बगान नै गोड्न छाडेको कृषक विष्टले सुनाए । यसरी नै मूल्य घट्दै जाने हो भने अलैँचीको विकल्पमा अन्य बाली लगाउनुपर्ने अवस्था आएको उनले बताए । 'पाँच/छ वर्षअघिसम्म अलैँचीको मूल्य राम्रो थियो,' विष्टले भने, 'हामीले नै प्रतिमन १ लाख २० हजार रुपैयाँसम्म बेचेका थियौँ । त्यो बेला मूल्य राम्रो पाएपछि धान खेत मासेर अलैँची लगाइयो अहिले समस्या भयो । समय फेरियो अब फेरि अलैँचीको विकल्पमा अरू बाली लगाउनुपर्ने अवस्था छ ।' अलैँचीले राम्रो मूल्य पाएपछि विदेश जान छाडेर यही व्यावसायिक खेतीमा लागेको भए पनि मूल्यमा आएको गिरावटको कारण समस्या भएको युवा अलैँची कृषक सुवास विष्टले बताए । कुल ११ रोपनीभन्दा बढी जमिनमा खेती विस्तार गरेको भए पनि सोचेजस्तो मूल्य पाउन नसकेकेको उनले सुनाए । 'स्वदेशमा नै केही गरौँ भनेर व्यावसायिक अलैँची खेती गरिरहेको छु,ड उनले भने, 'मूल्य स्थिर छैन । हामी जस्ता किसानको समस्यालाई ध्यानमा राखेर सरकारले बजारीकरणमा ध्यान दिन आवश्यक छ ।' मूल्यमा आउने गिरावट, अलैँचीमा लाग्ने रोग, सुक्खा खडेरीलगायत विविध कारण अलैँचीको उत्पादन घट्दै गएको स्थानीय किसान पुष्कर विष्टले बताए । 'मूल्यको कारण किसानमा निराशा छ,' उनले भने, 'किसानले पहिला जस्तो मिहेनत गर्न छाडेको अवस्था छ । जसको कारण बर्सेनि उत्पादन पनि घटेको अवस्था छ । बर्सेनि मूल्य कमी हुँदै जाँदा खेती विस्तारमा धेरै कृषकले कमी गरेका छन् ।'

पछिल्लो समय अलैँची किसानमा निराशा छाएको जिल्ला अलैँची व्यवसायी संघ भोजपुरका अध्यक्ष नवीन प्रधानले बताए । अलैँची किसानलाई मूल्यमा आएको गिरावटसँगै रोग, किरा तथा बाँदरका कारण उत्पादनमा समस्या रहेको उनले जानकारी दिए । 'मूल्यमा आउने उतारचढावका कारण अलैँची किसानमा निराशा छ,' अध्यक्ष प्रधानले भने, 'मूल्य घटेको कारण किसानको श्रम ज्याला नउठ्ने अवस्था छ । सरकारले यसको उचित मूल्य निर्धारण गरेर बजारीकरणमा ध्यान दिए किसानमा उत्साह थपिने थियो ।' अलैँचीको उत्पादन पनि कुल बर्सेनि कमी हुँदै आएको उनले सुनाए । ४० रोपनी क्षेत्रमा अलैँचीको खेती गरेको भए पनि सोचेजस्तो उत्पादन नभएको उनले बताए ।जिल्लामा ७ सय १९ हेक्टर क्षेत्र अलैँची खेतीयोग्य जमिन रहेको भए पनि पाँच सय ९७ हेक्टरमा अलैँची उत्पादन भइरहेको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ । केन्द्रका अनुसार गत वर्ष भोजपुरमा २ सय ३२ मेट्रिक टन अलैँची उत्पादन थियो ।भोजपुरको दोभाने, कुदाकाउले, साम्पांग, अन्नपूर्ण, चम्पे, खावा, चोलन्ती, छिनामखु, किमालुङ वासिंगथर्पु, तिम्मा, हेलौछा, गुप्तेश्वरलगायत १७ बढी ठाउँमा मुख्य रूपमा अलैँची उत्पादन हुने गर्दछ ।

# धरहराभन्दा अग्लो 'दमक भ्यू टावर'

■ चन्द्रकला भण्डारी

झापा । दमक-३ ढुकुरपानीका ६२ वर्षीय नरेन्द्र गौतमले तीन वर्षअघि आफ्नो घरै अगाडि आकाश छोलाजस्तै गरी विशाल भवन ठडिएला भन्ने कल्पना गरेका थिएन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको परिकल्पनामा दृश्यावलोकन स्तम्भ (भ्यू टावर) बनाउने हल्ला सुन्दा उनीजस्तै ढुकुरपानीका बासिन्दाले सुरुमा पत्याएका थिएनन् । 'हेर्दाहेर्दै १८ तलाको टावर बनिसक्यो, बाहिरका मानिसहरू के छ, कसो हुँदैछ भनेर सोधीखोजी गर्न दिनहुँ आइरहन्छन्,' गौतमले भने, 'तीन वर्षअघि सम्झिँदा यो ठाउँ धान खेतीका लागि पनि त्यति उब्जाउ थिएन, अहिले ठूलो सहर बस्लाजस्तो भइसक्यो ।'नेपालकै राष्ट्रिय गौरवको परियोजनाका रूपमा दमक भ्यू टावरको निर्माण दमक बजारभन्दा तीन किलोमिटर टाढा ढुकुरपानी गाउँमा ०७६ साल असार २७ गते सुरु भएको थियो । ३० महिनाभित्र कार्य सम्पन्न गर्ने सम्झौताका साथ चिनियाँ कम्पनी सिजिआइइसी र आशिष ओम साइराम जेभीले साझेदारीमा निर्माणको ठेक्का लिएका थिए । कोभिड-१९ को महामारीको दुई लहर, कन्स्ट्रक्सन होलिडे र बजेट अभावका कारण यसको निर्माण अवधि डेढ वर्ष धकेलिएको सघन सहरी विकास तथा भवन निर्माण आयोजनाले जनाएको छ ।

०८० असार मसान्तभित्र भ्यू टावरको निर्माण सम्पन्न भइसक्ने आयोजनाको चन्द्रगढी कार्यालयका इन्जिनियर भूपेन्द्र यादवले बताए । उनका अनुसार परियोजनाको ७५ प्रतिशत भौतिक प्रगति छ भने कुल लागतको ६८ प्रतिशत रकम खर्च भइसकेको छ । दमक भ्यू टावरको निर्माणले गाउँको नाम नै फेरिएको स्थानीय उमानाथ ढकालले सुनाए । राष्ट्रिय गौरवको दमक भ्यू टावरलाई समृद्धिको प्रतीकका रूपमा लिनुपर्ने उनको सुझाव छ । डेढ अर्ब लगानी : भ्यू टावरको निर्माणमा १ अर्ब ३८ करोड १८ लाख ४ हजार ५ सय ६९ रुपैयाँ लाग्ने सुरुको सम्झौता भए पनि पछि नौ प्रतिशत लगानी बढेर कुल लागत भ्याटबाहेक १ अर्ब ५० करोड ६३ लाख ८५ हजार ९ सय ६४ रुपैयाँ खर्च हुने इन्जिनियर यादवले जानकारी दिए । राष्ट्रिय गौरवको आयोजना भएकाले यसको सम्पूर्ण लागत नेपाल सरकारले बेहोरेको छ । चालु आर्थिक वर्षमै निर्माण सकेर हस्तान्तरण गरिने लक्ष्यका साथ अन्तिम चरणको कार्य भइरहेकाले परियोजनामा ४५ करोड बजेट अपुग रहेको उनले बताए । '


**मधेश प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**प्रादेशिक अस्पताल कलैया**
**कलैया,बारा**

## करार सेवमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७९/१०/१०**
**सूचना नं. ०४/२०७९/८०**

प्रादेशिक अस्पताल, कलैया अस्पतालको स्विकृत रिक्त दरबन्दी, कार्यक्रम करार अन्तर्गत तपसिल बमोजिमका पदहरुमा करार सेवा तर्फ भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुका लागि दरखास्त आहवान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा उपस्थित भई आवेदन दिनु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| वि. नं. | पद | तह/ श्रेणी | सेवा/ समुह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट पिडियाट्रिसियन | नवौ | स्वास्थ्य/ पेडियाट्रिक्स | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर उतिर्ण गरी NMC मा दर्ता भएको हुनुपर्ने । | दरबन्दी करार |
| २ | कन्सल्टेन्ट साइक्याट्रिक्स | नवौ | स्वास्थ्य/ साइक्याट्रि | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर उतिर्ण गरी NMC मा दर्ता भएको हुनुपर्ने | दरबन्दी करार |
| ३ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट | नवौ | स्वास्थ्य/ एनेस्थेसियोलोजिस्ट | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर उतिर्ण गरी NMC मा दर्ता भएको हुनुपर्ने | दरबन्दी करार |
| ४ | कन्सल्टेन्ट रेडियोजोलिस्ट | नवौ | स्वास्थ्य/ रेडियोजोलिस्ट | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर उतिर्ण गरी NMC मा दर्ता भएको हुनुपर्ने । | दरबन्दी करार |
| ५ | बायोमेडिकल टेक्निसीयन | पाँचौ | स्वास्थ्य/ बिबिध | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रबिणता प्रमाणपत्र तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | दरबन्दी करार |
| ६ | अस्पताल व्यवस्थापक अधिकृत | सातौ | स्वास्थ्य | १ (एक) | Health care management बिषयमा BHCM स्नातक तह उतिर्ण भएको हुनुपर्ने । | (Hospital Management Officer) करार सेवामा कार्यक्रम अन्तर्गत |
| ७ | ल्याब असिस्टेन्ट | पाँचौ | स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रबिणता प्रमाण पत्र तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | दरबन्दी करार |
| ८ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य/जनरल नर्सिङग | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रबिणता प्रमाण पत्र तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | दरबन्दी करार |

१) परिक्षाको किसिमः अन्तर्वार्ता
२) अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिने छ ।
३) दरखास्त दस्तुरः सहायक स्तरको लागि रु. ६००/- र अधिकृत स्तरको लागि रु. १,०००/- मात्र यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. कलैया शाखामा रहेको खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३५०००२१०१२ राजश्व शीर्षक नं. १४२२९ मा जम्मा गरेको भौचर सहित आवेदन सँगै पेश गर्नुपर्नेछ ।
४) दरखास्त फाराम पाइने तथा बुझाउने स्थानः प्रादेशिक अस्पताल, कलैया (प्रशासन शाखा)
५) दरखास्त दिने अन्तिम मितिः २०७९/१०/२४ गते कार्यालय समय सम्म । सार्वजनिक बिदा परेमा सोको भोली पल्ट)
६) उम्मेदवारको उमेरको हदः सहायक स्तर स्वास्थ्यको हकमा १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको र अधिकृत स्तर स्वास्थ्यको हकमा २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।
७) तलब, भत्ताः क्र.स. १,२,३,४,५,७,८ को हकमा जुन तहको लागि नियुक्त भएको सो सरहको पदले पाउने नेपाल सरकारको नियमानुसार, क्र.स. ६ को हकमा कार्यक्रम परिधि भित्र रही कार्यक्रमको निर्देशिका अनुसार तथ आपसी समझदारीमा ।
८. सेवा अवधीः आ.बं.२०७९/८० को असाढ मसान्त सम्म तथा कार्यसम्पादन सन्तोषजनक भएमा दरबन्दी करार पदको हकमा स्थायी सामायोजन वा अन्य प्रकृयाबाट पदपुर्ति भई आएका बखत स्वतः नरहने र कार्यक्रम करारको हकमा बजेट सुनिश्चितता भएमा आगामी आ.व. मा निरन्तरता नियमानुसार हुनेछ ।
९) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।
१०) सम्पर्क मितिः २०७९/१०/२५ गते (सार्वजनिक बिदा परेमा सोको भोली पल्ट)

**द्रष्टव्यः**

- कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य बिबरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्विकृत गरिने छैन ।
- फारम बुझाउने समयमा सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्र र सम्बन्धी परिषद्मा दर्ता गरेको प्रमाणपत्रको सक्कलका साथ साथै प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । बिदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफुले प्रप्त गरेको योग्याताको समकक्षा निर्धारण गराएको हुनु पर्दछ ।
- यस सूचनामा उल्लेख भएका वाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

थप जानकारीको लागि प्रादेशिक अस्पताल कलैया, बारा (फोन नं. ०५३५५१८३७) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**अस्पताल प्रशासन**

सौर्य खेलकुद

का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



गत सिजन विम्बल्डन जितेकी एलेना रिवाकिना वर्षको पहिलो ग्राण्डस्लाम टेनिस अस्ट्रेलियन ओपनको सेमिफाइनलमा पुगेकी छन् । रिवाकिनाले ओस्टापेन्कोलाई ६-२ र ६-४ को सेटमा पराजित गरेकी हुन्

सहिद स्मारक 'ए' डिभिजन लिग क्लब श्री स्टारले मेघराज केसीलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । श्री स्टारले मंगलबार प्रशिक्षक केसीलाई मुख्य प्रशिक्षक नियुक्त गरिएको जनाएको छ




# 'म्याच फिक्सिङ' मा यस्ता छन् सीआईबीका दाबी




■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले नेपाल टी-२० लिगमा फिक्सिङमा संलग्न देखिएका पूर्व क्रिकेटर महबुब आलम र राष्ट्रिय क्रिकेट टिममा अलराउन्डर मोहम्मद आदील आलमलाई सार्वजनिक गरेको छ ।

सीआईबीले महाराजगञ्जस्थित केन्द्रीय कार्यालयमा महबुब र आदीललाई सार्वजनिक गरेको हो ।

पुस ९ गतेदेखि २७ गतेसम्म नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा भएको प्रतियोगितामा फिक्सिङ र स्पट फिक्सिङसँगै अन्य अवैध कार्य भएको भन्दै सीआईबीले अनुसन्धान सुरु गरेको थियो । करिब दुई हप्ताको अनुसन्धानपछि सीआईबीले सोमबार आदील र महबुबको संलग्नता पुष्टि भएको भन्दै यी दुईलाई पक्राउ गरेको थियो ।

सीआईबीले घटनाको थप अनुसन्धान लागि हिजो नै काठमाडौं जिल्ला अदालतले पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले स्वीकृति दिएको जनाएको छ । सीआईबीले फिक्सिङका लागि पाँच नेपाली खेलाडीलाई प्रस्ताव आएको र त्यसमध्ये तीन खेलाडीले एन्टी करप्सन युनिट (एसीयू) मा उजुरी गर्दा बाँकी दुई खेलाडीले भने उजुरी नगरेको खुलाएको छ ।

उजुरी नगर्ने दुई खेलाडीमध्ये पनि खेलका दौरान आदीलको कार्य फिक्सिङका लागि प्रस्ताव गरेकोजस्तै रहेकाले पक्राउ गरिएको सीआईबीले बतायो । उजुरी गरेका अर्का एक खेलाडीको संलग्नतामा भने अनुसन्धान क्रममै रहेको सीआईबीले जानकारी दिए ।

सीआईबीले प्रतियोगितामा पाँच खेलाडी र पाँच व्यवस्थापनका व्यक्तिहरुको संलग्नता रहेको खुलाएको छ । पाँच खेलाडीमध्ये दुई नेपाली र तीन विदेशी खेलाडी भएको सीआईबीको दाबी छ ।

**सीआईबीको दाबी**

- पूर्व राष्ट्रिय क्रिकेट खेलाडी समेत रहेका महबुब आलमले कम्तीमा दुई जना नेपाली खेलाडीलाई आर्थिक प्रलोभन देखाई स्पट फिक्सिङ गर्ने प्रयास गरेको,
- नेपाली खेलाडी मोहमद आदिल आलमलाई एउटा नो बल र एउटा वाईड बल फाल्नको लागि एप्रोच आएको, उनले खेलेका कम्तीमा दुई वटा खेलमा सोही प्रकृतिको खेल खेलेको देखिएको,
- एक नेपाली खेलाडीलाई नेपाली व्यक्तिले एप्रोच गरेको,
- एक विदेशी खेलाडीलाई खेलको व्यवस्थापन टिमका सदस्यबाट एप्रोच भएको,
- टिम म्यानेजरको निर्देशनमा एक विदेशी खेलाडीले एक सेशनमा निर्धारित रनमात्र बनाई स्पट फिक्सिङ गरेको,
- मुख्य प्रायोजकको रूपमा रहेको वानएक्सब्याटले खेलकुदसँग सम्बन्धित समाचारको लागि तथा पूर्वानुमान गर्नको लागि भरपर्दो श्रोत भन्ने दावी गर्ने गरेको । निकट भविष्यमा क्रिकेट खेलसँग सम्बन्धित पोशाक तथा सामग्रीहरू बजारमा उपलब्ध हुने दाबी गरेको तर हालसम्म बजारमा बिक्री वितरणको लागि कुनै पनि सामाग्री उपलब्ध नभएको,
- केही फ्रेन्चाईज टिमहरूको आर्थिक श्रोत, खेलाडीहरूलाई दिने पारिश्रमिकको श्रोत नखुलेको,
- विभिन्न व्यवस्थापकको भूमिकामा रहेका केही व्यक्ति, खेलाडीसँग सम्पर्कमा भएका व्यक्ति र खेलमा सहभागी खेलाडीहरू समेत स्पट फिक्सिङमा संलग्न भएको तथ्य र आधार फेला परेको,
- नेपाल क्रिकेट संघ नै आयोजक भई सञ्चालन गर्ने नेपाल टी-२० क्रिकेट लिगले नेपालको प्रतिनिधित्व गर्ने, राष्ट्रिय क्रिकेट तथा राष्ट्रको छवीमा समेत प्रभाव पार्न सक्ने महत्व बोकेको खेलको रणनीतिक तथा व्यवसायिक साझेदार र प्रयान्चाईज टिमहरूको आर्थिक श्रोत, विगतमा क्रिकेट खेलसँगको आवद्धता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने क्षमता लगायतका विषयमा उचित ध्यान दिन नसकेको ।

**टाइगर कप भलिबल**

# गण्डकीमाथि एपिएफको जित



■ सौर्य समाचार

पोखरा । विभागीय नेपाल एपिएफ क्लबले तेस्रो टाइगर कप भलिबलमा घरेलु टोली गण्डकी प्रदेशलाई पराजित गर्दै आफ्नो अपराजित यात्रालाई निरन्तरता दिएको छ । पोखरामा जारी तेस्रो टाइगर कप राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फको खेलमा एपिएफले गण्डकीलाई ३-१ सेटमा पराजित गर्दै राउन्ड रोविन लिगमा शीर्षस्थानमा रहेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा मंगलबार भएको खेलमा एपिएपले पहिलो र दोस्रो सेट क्रमश २५-१९ र २५-२३ ले आफ्नो पक्षमा पारेको थियो । तेस्रो सेट २०-२५ ले गुमाएको एपिएफले चौथो सेट २५-१९ ले आफ्नो पक्षमा पार्न सफल भयो ।

यस जितसँगै शीर्षस्थानमा रहेको एपिएफको ३ खेलबाट ९ अंक पुगेको छ । पराजित गण्डकीको २ खेलबाट ३ अंक छ । आर्मीको पनि २ खेलबाट ३ अंक छ । पुलिसको ३ खेलबाट २ अंक तथा श्रीलंकाको सेन्ट जोसेफ वाज स्पोर्टस् क्लबको २ खेलबाट १ अंक छ ।

टाइगर कपमा बुधबार महिलातर्फ न्यु डायमण्ड र गण्डकी तथा एपिएफ र आर्मीबीच खेल हुनेछ । पुरुषतर्फ आर्मी र गण्डकी तथा एपिएफ र सेन्ट जोसेफबीत खेल हुनेछ । सेमिफाइनलमा लिगको शीर्षस्थानमा रहेको टोलीले चौथो स्थानको टोलीसँग तथा लिगको दोस्रो र तेस्रो हुनेले दोस्रो सेमिफाइनल खेल्नेछ । विजेता फाइनलमा प्रवेश गर्नेछ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा गत आइतबारदेखि सुरु भएको प्रतियोगितामा महिलातर्फ ४ र पुरुषतर्फ ५ टोलीको सहभागिता रहेको छ । महिलातर्फ एपिएफ, आर्मी, डायमण्ड र गण्डकीको सहभागिता छ । यसअघि सहभागी हुने भनिएका दुई टोली नेपाल पुलिस क्लब र भारतको केरेला स्टेट इलेक्ट्रोनिक बोर्डले भाग लिएनन् ।

पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, सेन्ट जोसेफ वाज स्पोर्टस् क्लब श्रीलंका, नेपाल पुलिस, एपिएफ र गण्डकी प्रदेश गरी ५ टोलीको सहभागिता रहेको छ । पहिलो संस्करणमा पुरुषतर्फ गण्डकी र महिलामा पुलिस च्याम्पियन बनेको थियो । दोस्रो संस्करणमा महिलातर्फ एपिएफ र पुरुषतर्फ आर्मी च्याम्पियन टोली हो ।

महिला-पुरुष दुवैतर्फ उपाधि विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार प्राप्त गर्नेछन् । तेस्रोले १ लाख २५ हजार र सान्त्वना हुनेले ६५ हजार प्राप्त गर्नेछन् । दुवै इभेन्ट्समा सर्वोत्कृष्ट खेलाडीले जनही २५ हजार तथा विधागततर्फका उत्कृष्टले समान १० हजार प्राप्त गर्नेछन् ।

**इन्टर कलेज क्रिकेट**

# फाइनलमा पुग्यो नेशनल इन्फोटेक



■ सौर्य समाचार

वीरगञ्ज । नेशनल इन्फोटेक कलेज, वीरगञ्जमा जारी चौथो इन्टर कलेज प्लस २ नकआउट क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

सिद्धार्थ कलेजलाई ५७ रनले पराजित गर्दै नेशनल इन्फोटेक कलेजले अन्तिम २ मा स्थान बनाएको हो ।

टस जितेर ब्याटिङ गरेको नेशनल इन्फोटेक कलेजले १९ दशमलब ४ ओभरमा पुरै विकेटको क्षतिमा १ सय ३९ रन बनाएका थियो ।

१ सय ४० रनको जवाफी लक्ष्य पछ्याएको सिद्धार्थ कलेजले १८.२ ओभरमा पुरै विकेटको क्षतिमा ८२ रनमै समेटिएको थियो ।

नेशनल इन्फोटेकका लागि २ ओभरमा ८ रन दिई ३ विकेट लिन सफल असाब असांरीले म्यान अफ द म्याच घोषित भए ।

बुधबार हुने फाईनल खेलमा ग्लोबल बिजनेश कलेज र नेशनल इन्फोटेक कलेजबीच प्रतिश्पर्धा हुने आयोजक वीरगञ्ज युवा च्याम्प्स क्लबले रामजी राजा अन्सारीले जानकारी दिए ।

ग्लोबल बिजनेश कलेजले ओम इन्टरनेशनल एकेडेमीलाई १ सय ६ रनले पराजित गर्दै फाईनलमा स्थान सुरक्षित गरेको हो । चौथो इटर कलेज प्लस २ नकआउट क्रिकेट प्रतियोगितामा १६ वटा टिम सहभागी भएका थिए ।

**विश्व**

# तस्करीको आरोपमा दुईजना चिनियाँ पक्राउ

■ एजेन्सी

काबुल । तस्करी गरेको आरोपमा तालिवान प्रशासनले दुई जना चिनियाँ नागरिकसहित पाँच जनालाई पक्राउ गरेको छ । एक हजार मेट्रिक टन लिथियमयुक्त चट्टान तस्करी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

चिनियाँ नागरिकले अफगानिस्तानबाट आफ्ना अफगान सहयोगीहरूमार्फत पाकिस्तान हुँदै चीनमा बहुमूल्य पत्थर तस्करी गर्ने प्रयास गरेका बताइएको छ । बहुमूल्य पत्थरसँगै उनीहरूलाई पूर्वी अफगानिस्तानको सीमावर्ती शहर जलालाबादमा गिरफ्तार गरिएको हो ।

स्थानीय स्रोतका अनुसार बरामद भएका पत्थर ३० प्रतिशतसम्म लिथियम पाइन्छ । पाकिस्तानसँग सीमा जोडिएका अफगानिस्तानका नुरिस्तान र कुनारबाट गोप्यरूपमा ती पत्थर निकालिएको समाचारमा जनाइएको छ । चिनियाँ नागरिक र उनीहरूका अफगान सहयोगीहरूले अवैध रूपमा बहुमूल्य पत्थर पाकिस्तान हुँदै चीन ढुवानी गर्ने योजना बनाएका तालिवान गुप्तचर अधिकारीहरूलाई उद्धृत गर्दै रिपोर्टरलीले जनाएको छ । गत डिसेम्बर १२ मा एउटा होटललाई लक्षित गरी बम र बन्दुक आक्रमण हुँदा पाँच चिनियाँ नागरिक घाइते भएपछि चीन र अफगानिस्तानबीचको सम्बन्ध तनावपूर्ण बनेको छ । उक्त घटनापछि चीनले आफ्ना नागरिकलाई अफगानिस्तान छोड्न निर्देशन दिएको थियो ।



# ९३ प्रतिशत पाकिस्तानी चुरोट प्रतिबन्धको पक्षमा



■ एजेन्सी

इस्लामावाद । त्रियानब्बे प्रतिशत पाकिस्तानी चुरोट बिक्री प्रतिबन्धको पक्षमा रहेका एक अध्ययनले देखाएको छ । देशभरका वयस्क पुरुष र महिलाका राष्ट्रिय प्रतिनिधिमाझ हालै गरिएको एक सर्वेक्षणले ९३ प्रतिशत पाकिस्तानीले चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउनुमा सहमति जनाएका देखाएको हो ।

ग्यालप र गिलानी सर्वेक्षणमा सहभागीमध्ये सात प्रतिशतले चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउन नहुने जवाफ दिएका छन् । शहरी क्षेत्रका तीन प्रतिशतभन्दा बढी चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउने पक्षमा उभिएका प्रतिवेदनमा उल्लेख छ ।

चुरोट बिक्रीमा प्रतिबन्ध लगाउने मानिसहरूको सबैभन्दा बढी प्रतिशत देशको पूर्वी पञ्जाब र दक्षिणी सिन्ध प्रान्तका छन् । उत्तरपश्चिमी खैबर पख्तुनख्वाबाट ९३ प्रतिशतले पनि चुरोटको बिक्रीमा प्रतिबन्ध लगाउनु पर्ने जवाफ दिएका छन् । दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तका ८७ प्रतिशत मानिसले पनि सिगरेटको बिक्रीमा प्रतिबन्ध लगाउनु पर्ने बताएका छन् ।

# चीनको अन्तरिक्ष स्टेशनमा फोटो प्रदर्शनी

■ एजेन्सी

बेइजिङ । नयाँ वर्षको उपलक्ष्यमा चीनको तियाङगोङ अन्तरिक्ष स्टेशनमा अन्तरिक्षसँग सम्बन्धित फोटाहरूको विशेष प्रदर्शनी आयोजना गरिएको छ । सो स्टेशन पृथ्वीभन्दा करिब चार सय किलोमिटरको उचाइमा रहेको छ । अन्तरिक्ष यात्री फेइ जुनलङ, देङ छिङमिङ र झाङ लुले खिचेका २१ वटा तस्वीरहरू प्रदर्शनीमा राखिएका छन् ।

प्रदर्शनीमा राखिएका फोटाहरू नोभेम्बर २०२१ मा शुरु भएको ग्लोबल लेन्स अन टियाङगोङू नामक परियोजनामा विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका लगायतका छन् । यस परियोजनाले पेशेवर फोटोग्राफरहरू, खगोल विज्ञानमा जिज्ञासा राख्नेहरू र युवाहरूको व्यापक ध्यानाकर्षण गरेको छ ।



तियाङगोङ अन्तरिक्ष स्टेशनमा प्रदर्शित तस्वीरहरू गत वर्ष नोभेम्बर २९ मा शेन्झाउ- १५ मिसनसँगै प्रक्षेपण गरिएको थिया । शेन्झाउ- १५ मिसनले अन्तरिक्ष स्टेशन निर्माणलाई अन्तिम चरण दिने र यसको प्रयोग र विकासको कार्यक्रम शुरु गर्ने लक्ष्य राखेको छ ।